# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७७/०२/१७

छैटौं अधिवेशन

(पांचौ बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. **माननीय सदस्यहरू,**

यस सभाको छैटौं अधिवेशनको पांचौ बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

**माननीय भरतबहादुर खड्का**

माननीय सभामुख महोदय, आज ईण्डियाबाट सु.प.का धेरै नाकाबाट नेपाली दाजुभाइ तथा दिदिबहिनीको आउने क्रम अत्याधिक चलीरहेको छ चाहे गड्डाचौकि होस गौरीफन्टा होस चाहे अन्य नाकाहरु बडा अस्त ब्यस्त अवस्थामा छन् । गाडिको व्यवस्था छैन, खाना छैन, पानी छैन, दुख कष्ट झेल्नुपर्ने अवस्थामा छन् र आज सु.प का ९ जिल्लाका बिद्यालय भवनहरु भरीभराउ छन र त्यसले मात्र नपुगेर आकाश मुनी बस्ने अवस्था आएको छ । हजारौ हजार मान्छे क्वारेन्टाईनमा छन् । अब तिनलाई कसरी पाल्ने कसरी ब्यवस्थापन गर्ने क्वारेन्टाईनमा राखेर पाल्ने मात्र हो कि हामीले किटको ब्यवस्था गरेर तिनलाई परीक्षण गर्ने कुरा हो बडा अन्योलकोअवस्थामा छ त्यसरी सकिदैन स्थानीय तहका प्रतिनीधिहरुले वास्तवमा सराहनीय काम गरेका छन प्रदेश सरकारले केहि गरेन भनेर म भन्दैन प्रदेश सरकारले पनी १६ करोड रुपिया यक चोटि बिनीयोजन गरेको छ ८८ वटा पालीकालाई र १६ करोड रुपैया भविष्यमा निकासा दिने भन्ने कुरा सुन्नमा आको छ । आधाकारीक रुपमा होईन मैले सुनेको छु र जहासम्म मलाई केलाग्छ भन्दाखेरी अहिलेकोअवस्थालाई समिक्षा गरेर प्रदेश सरकारले कसरी जादाखेरी यलाई न्यूनीकरण गर्ने सकिन्छ भनेर गम्भिर हुन जरुरी छ यसको पहल माननीय मुख्यमन्त्रि ले गर्नुपर्ने थियो हामीले त्यो भुमिका देखेनौ उहाबाट हामीलाई बिश्वास पनी अब लागेन म आग्रह गर्न चाहान्छु सभामुख यउटा संस्था हो सस्था नी पद हो र यो संवेदमशिल अवस्थालाई लीएर सभामुख ज्युले यसलाई कहर गरेर सु.प यकदमजोखिममा छ यहि तरीकाले गयो भने मलाई केलाग्छ भन्दा कहालीलाग्दो अवस्था आउछ यदि नेपालमा जटिलताको सुरुवात भयाभह स्थिति सुदुरपश्चिमबाटै हुदै छ म उदाहरण दिन चाहान्छु सवै जिल्ला यो अवस्थामा पुगिसके जनप्रतिनीधिहरुले ब्यवस्था गर्न सक्ने उनीहरुसँग रकम छैन डोटिकै सन्दर्भमा कुरा गर्ने हो भने हिजो सम्म ६ हजार क्वारेन्टाईनमा छन सेनाहरुसँग पनी पाल लीएर राख्दा समेत पुगेको छैन यो भुईमा सुताउने पर्ने अवस्था छ । यो सबै जिल्लाको अवस्था त्यसतो छ । प्रदेश सरकार हामी गम्भिर हुन सकेनौ हामीलाई चित्त दुखेको छ आज यलाई यो हाम्रो साझा बिषय हो भनेर जवाफदेहिताका साथ

जाउ कि प्रदेश सरकारको भुमिकापनी प्रभावकारी छ भन्ने किसिमले हामीले जाउ भनेर सत्ता पक्षका प्रतिपक्षका सांसदहरुले धेरै अनुनहय बिनय गरे तर सरकारको नेतृत्व यहाको सरकारले त्यलाई गम्भिरताको साथ लीयको छैन हामी केहि सांसदहरु हिजो गौरीफन्टामा पनी हामीले हेर्यो गाडि पाका छैनन् पारीवाट आउने बित्तिकै अलीकति राहत भाछ तर अझ त्या गाडि नपाको पिडाले रोईराखेका छन कष्टकर अवस्था छ यो कुरालाई न्यूनीकरण गर्नकालागि सभामुख मार्फत पहल हुनुपर्छ भनेर म यहा अनुरोध गर्न चाहान्छु धन्यवाद ।

२. **मा० सदस्यहरु,**

अब, **"स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन,२०७५ लाई संसोधन गर्न बनेको विधेयक, २०७६"** माथिको कार्बाही प्रारम्भ हुन्छ ।

३. **माननीय सदस्यहरू,**

अब, म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई **"स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन,२०७५ लाई संसोधन गर्न बनेको विधेयक, २०७६"**माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस भनी प्रस्ताव पेस गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धि ऐन, २०७५ लाई शंशोधन गर्न बनेको बिधेयक २०७६ माथि प्रदेश सभानीयमावली, २०७४ को नीयम १०७ को १ बमोजिम सामान्य छलफल गरीयोस भनी यो प्रस्ताव पेस गर्दछु, धन्यवाद

४. **माननीय सदस्यहरू,**

अब, म **"स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन,२०७५ लाई संसोधन गर्न बनेको विधेयक, २०७६"**माथि सामान्य छलफल गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन,२०७५ लाई संसोधन गर्न बनेको विधेयक, २०७६"**माथि सामान्य छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

५. **माननीय सदस्यहरु,**

अब, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम**"स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन,२०७५ लाई संसोधन गर्न बनेको विधेयक, २०७६"** माथिको सामान्य

छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ३ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय **दीर्घ बहादुर सोडारी**लाई समय दिन्छु ।

माननीय सभामुख महोदय, लामो समय देखि गत भाद्र २०७६ मा स्थानीय तहका पदाधिकारी र सदस्य सँग सम्बन्धित कार्यक्रम हामीले तय गयौं खासगरी नेपलाको संबिधान २०७२ को भाग १८ धारा १०१(२७) अनुसार प्रदेश कानुन अनुसार स्थानीय तहाका पदाधिकारी तथा सदस्यहरुको सेवा र सुबिधा तोकिने छ भन्ने कार्यक्रम हामीले बनायौ कार्यक्रम बनाउदा मासिक तलब भन्ने शब्द पर्न गएछ यसको कारणले सर्वोच्च अदालतमा रिट पर्यो जो रिटको कारणले प्रदेश नं.१ बाहेक सवै ६ वटै प्रदेश सरकारले बनाएका कानुनहरु हामी संशोधन गर्नुपर्ने बाटोमा आईपुग्यौ माननीय सभामुख महोदय, हामी हुनत यो वेष्ट मिनी सिस्टम बिधि निर्माण गर्ने प्रक्रियाको कारणले भएको हुनाले होला, सिकारु भएको कारणले होला फसिहाल्यौ फसिसकेपछि उकास्न यो धेरै लामो भैसक्यो २०७६ को शंशोधन ल्याउदै छौ २०७७ मा पास गर्ने तयारीमा छौ आर्थिक बर्षको अन्तमा छौ त्यसोभएको कारणले गर्दा सभामुख महोदय, मलाइ लागेको के थियो भने यसलाई संशोधनमा छलफल गरेर सम्बन्धित समितिमा गएर दफावार यसैमा छलफल गरेर पास गर्दा राम्रो होला जस्तो लागेको थियो तर कार्यसुची समितिमा जाने भैसकेपछि यसको बिभिन्न दफामा म जान्न खासगरी यो दफावार छलफलको बिषय पनी होईन यो सम्बन्धित समितिमा छलफलको बिषय बन्ला त्यसपछि फेरी आउने भको कारणले यो धेरै छिटो गर्नुपर्ने छ स्थानीय तहका वडा सदस्यहरु, अध्यक्षहरु हिजो मात्रै अस्तिमाकत्रै कल्लुराना कोरोना भाईरसको कारणले मृत्यु भएको कुरा प्रदेश सरकारले सम्झनु पर्ने कुरा यहा जोडदार ढङ्गले संसदमा उठिनै सकेको छ । यसमा धेरै स्थानीय तहका जनप्रतिनीधिहरु जो आफ्नो सेवा र सुविधा रहित काम गरीरहेका छन उनीहरुलाई यो छिटो उपलब्ध गराउनु पर्ने छ यउटा शब्दको कारणले हामी फेरी यो अवस्थामा आईपुगेका छौ अब यो अवस्थआमा आईपुग्दाखेरी पनी राम्रै होस अब सेवा र सुबिधाका बारेमा राम्रो छलफल गरेर राम्रो ढङ्गले अगाडि बढ्ला स्थानीय जनप्रतिनीधिहरुको बारेमा धेरै प्रश्न चिन्ह उठिरहेका छन यो पनी मासिक पारीश्रम शब्द र सेवा र सुबिधा र जनप्रतिनीहरुलाई कस्तो बनाउने यसो ५/७ देशका जनप्रतिनीधिहरुका देशका बारेमा हेर्दै थिए । मैले खासगरी जतिसुकै कुरा गरेपनी भारत यउटा मोडेल हो । स्थानीय सरकारका बारेमा बिधानका बारेमा त्यहाको माननीयहरुको बारेमा हेर्दा हाम्रो नेपाला धेरै जनप्रतिनीधिले भन्ने व्यवस्था देखिन्छ तर पेन्सनको व्यवस्था पनी रहेछ सेवा र सुबिधा हरुको कुरा गर्ने हो भने जनप्रतिनीधिको धेरै माथि छ । धेरै माथि देखिन्छ जो हामी कल्पना पनी गर्न सक्दैनौ यति धेरै माथि देखिन्छ अरु धेरै देशका जनप्रतिनीधिहरुका बारेमा कुरा छ तर हामी हाम्रो नेपालमा हामी कस्तो अभ्यासमा गयौं भन्नुहुन्छ भने यत्रा हामीसँग राष्ट्रिय कर्माचारी छन, सुरक्षाकर्मि छन अरु धेरै चिज छन सवै सेवाहरुलाई हामी धेरै चिज दिईरहेका

छौ तर त्यो कुरा जनप्रतिनीधितिर सोझ्याईरहदा त्यो मासिक तलब भन्ने शब्द राख्न जनप्रतिनीधि प्रति नीर्मम बनेका छौ । खासगरी प्रश्न नउठोस बिगतका धेरै सरकारहरुले लामो समय राजनैतिक तनक्रमणमा पुगेको कारणले जनताका प्रतिनीधिका बारेमा धेरै प्रश्न उठेकै कारणले गर्दा यो कानुन हामीले बनायछौ संबिधानमा व्यवस्था गरेछौ तजअनुसारको हामीले ब्यवस्था गर्नुपर्छ तर हामी भन्नु के पर्नु छ भने जनप्रतिनीधिहरुको सेवा र सुबिधाको बारेमा हामीले नबोल्ने हो भने कल्ले बोल्ने यो कुरामा प्रष्ट बोल्नि पर्छ जस्तो लाग्छ अर्को कुरा यसमा प्रष्ट के देखिन्च भन्नुहुन्छ भने हामीले हाम्रो शब्दमा तिन तहको सरकार भनीरहेका छौ हाम्रो संबिधानले तिन तहको सरकार भन्दैन यो कुरा क्लियर भनौ प्रदेश सरकार संघिय सरकार भन्छ स्थानीय तहलाई स्थानीय तह भन्दोरहेछ हामी भनीरहेका छौ सरकार स्थानीय सरकार छेन हाम्रो संबिधानले भन्दैन फेरी यो कुरा पनीक्लियर छ किन सरकार होईन छ भने हाम्रो सेवा र सुविधा हामी आफै बनाउछौ प्रदेश सरकारले प्रदेशको मुख्यमन्त्री, मन्त्रि हुनत हामी स्केलको आधारमा गरौला तर स्थानीय तहको सेवा र सुबिधा प्रदेश कानुन अनुसार हुनेछ भने पछि आफ्नो निर्णय गर्ने अधिकार आफै दियको रहेनछ अरु धेरै चिज स्थानीय तह केके भैहाल्यो भन्नुहुन्छ हामी प्रदेशका माननीय हरुपनी वडाध्यक्ष नगरको मेयर त्यो सँग पनी कहिलेकाहि हामी लोभिन्छौ हामीभन्दा तिनीबलीया हुन कि भन्ने लाग्छ तर तिनको सेवा र सुबिधा तोक्ने अधिकार हामीलाई भको कारणले गर्दा यो हाम्रो संबिधानले गरेको व्यवस्था को कारणले यतापट्टि पनी हाम्रो ध्यानाकर्षण हुनपर्नेछ र स्थानीय तह सरकार होईन भन्ने कुराको पछिल्लो पर्बाहन हामी यो कारणले पनी देखाईराखेका छौ त्यसै कारणले हामरप संबिधानको भाग १८ धारा २२७ अनुसार हामीले तोकेअनुसार प्रदेश कानुन अनुसार हुनेभएकोले अब हामी दफावार छलफल गर्छौ स्थानीयतहको सेवा र सेबिधाको लागि सबै जनप्रतिनीधिहरुलाई तपाईको सेवा र सुबिधा छिट्टै दिन्छौ भनेका छौ यो छिट्टै दफावार छलफल भएर संसदबाट पारीत होस भन्न चाहान्छु धन्यवाद नमस्कार ।

**माननीय गोविन्द बोहरा**

माननीय सभामुख महोदय, स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा ऐन सम्बन्धि ऐन, २०७५ लाई शंशोधन गर्न बनेको बिधेयक को सम्बन्धमा छलफल सुरु भएको छ हुनत यो बिधेयकको सम्बन्धमा हामीले बिगतमा यो भन्दा अगाडिको अधिवेशनमा पनी छलफल गरेर यलाई अगाडि बढायका थियौ केहि त्रुटि भएको कारणले यलाई शंशोधन गर्नु पर्ने अवस्था हाम्रो सामुन्यमा आयको छ र साच्चिकै स्थानीय नीकाय स्थानीय तहलाई अलीकति बलीयो बनाउनु पर्ने अवस्था पनी हाम्रो सामु देखियकोछ अहिले यो कोरोना भाईरसको जुन प्रकोप देश भित्र बढिराखेको छ यसको सम्बन्धमा अध्ययन गर्दा पनी स्थानीय तहले जुनकिसिमको प्रतिनीधिहरुले जसरी काम गरीराखेको छ त्यो सराहनीय छ जुनसुकै पार्टिबाट जितेको भयपनी स्थानीय तहका प्रतिनीधिहरुले जुन प्रकोप बढिराखेको छ जुन बिदेशबाट आउने नेपाली दाजुभाइ, दिदिबहिनीहरुलाई स्वागत गरीराख्नु भएको छ त्यो सराहनीय छ त्यसैले दिनानुदिन बिना शुल्क उहाहरुले त्यो गरीराख्नु भएको छ आफ्नो स्थानीय नीकायको सिमित बजेटमा त्यलाई परीचालन गरेर आफ्नो सुबिधा

नलीकन गरीराखु भएको छ त्यसैले मेरो यउटा कुरा के भने जानकारी के अनुरोध गर्नचाहान्छु भने स्थानीय तहको प्रतिनीधिहरुले जुन तरीकाले काम गरीराखेको छ त्यसलाई सेवा सुबिधा दिनुपर्ने बाध्यता नै हो र यो ऐन शंशोधनका सँगसँगै जुन त्रुटि भएको छ यलाई शंशोधन गरेरसुबिधा सम्पन्न बनाउने परीस्थितिमा हामीले जानुपर्छ र जुन देखि यो रोग पुगियको छ उहाहरुले पाउने सेवासुबिधा त्यहि दिनदेखि लागुहुनेगरी यो सेवा सुबिधालाई अगाडि बढाउनुपर्छ भन्ने म यो सभा समक्ष चाहान्छु र यदि सेवा सुविधाहामीले प्रदान गर्न सकेनौ र अगाडि बढाउन सकेनौ भने साच्चिकैस्थानीय नीकायमा बसेका प्रतिनीधिहरुले सजिललोसँग काम गर्ने अवस्था पनी छैन आर्थिक रुपले भार बढेको हुन्छ डारेक्ट जनतासँग सम्पुर्ण कन्टयाक्ट भैराखेको हुन्छ त्यसमा आर्थिक समस्या आउन सक्छ त्यसैले यले सामान्य यउटा राहत दिन सक्छ स्थानीय प्रतिनीधिलाई त्यसैले यो ऐन ले ब्यवस्था गरे अनुसार यलाई शंशोधन गरेर ब्यवसथा गरेर अनुसार स्थिनीय तहका प्रतिनीधिहरुलाई यो हाम्रो प्रदेश सभाबाट पारीत गरेर यो उपलब्ध गराउनुपर्छ भन्ने अनुरोध गर्न चाहान्छु धन्यवाद

**माननीय कृष्ण बहादुर चौधरी**

माननीय सभामुख महोदय, स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सेवा सुबिधामा बनेको ऐनलाई हामी संशोधन गर्दै छौ यो धेरै लामो समयपछि रह्यो हामीले पहिलै गर्न पाय अलीकति राम्रो हुन्थ्यो किनभने जनप्रतिनीधिले पहिले हामीले दियो त्यसपछि सामान्य सर्वोच्च अदालतले कार्तिकको १ गते नीर्णय गरेर मासिक हिसाबले नदिने भनेर नीर्णय गरीसकेपछि जनप्रतिनीधिहरु साह्रै समस्यामा परेका थिय धेरै जनप्रतिनीधिहरु कार्यालयमा वडा कार्यालयमा जान छोडिसकेका थिय नीराश थियो उनीहरुलाई त्यसकारणले यो पहिलै गर्नुपर्थ्यो हामीले ग्रयौ यो यकदमै राम्रो सराहानीय छ र अब यो धेरै छलफल गर्नु बोल्नु भन्दापनी हामीले अब यो कार्यसुचिमा सम्बन्धित समितिमा पठाउने पठाईसकेपछि त्यहा पनी छलफल हुन्छ र त्यलाई फिल्टर गरेर चाडोभन्दाचाडो यलाई पारीत गर्नुपर्छ र यलाई फेरी हामीले जनप्रतिनीधिहरुलाई जोस जागरको बातावरण बनायर काम गर्ने वाताबरण सिर्जना गर्नुपर्छ भन्ने मलाई लाग्छ अब यसमा त अब धेरै रायद अब के बोलु त्यसकारणले यो यकदम ठिक छहामीले चाँडै पास गर्नु पर्छ हवस धन्यवाद

६. **माननीय सदस्यहरू,**

**"स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन,२०७५ लाई संसोधन गर्न बनेको विधेयक, २०७६"**माथिको सामान्य छलफलमा बोल्ने समय यँही समाप्त हुन्छ ।

७. **माननीय सदस्यहरू,**

अब, म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई **"स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन,२०७५ लाई संसोधन गर्न बनेको विधेयक, २०७६"** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

सभामुख महोदय, स्थानीय तहका पदाधिकारी तथा सदष्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ लाई शंशोधन गर्न बनेको बिधेयक जुन २०७६ छ यसमाथिमाननीय सदष्यज्युहरुले दिनु भएको महत्वपुर्ण सुझाव माथि म हार्दिक धन्यवाददिन चाहान्छु र बिधेयकलाई परीस्कृत गरीने छ यसलाईथप समृद पारीने छ समितिका छलफलमा पनी यसबाट प्राप्त सुझावलाई ग्रहण गरीनेछ र यसलाई सामुहिक छलफल गरेर सुधार गरेर यसलाई अगाडि बढाईने छ । हामी सवैलाई थाहै छ सम्मानीत सर्वोच्च अदालतको २०७६ कार्तिक १ गतेको निर्णय अनुसार यसको आदेश अनुसार मासिक तलब भन्ने जुन शब्दावली छ यसलाई हटाउनुपर्ने यसको ठाउमा सुबिधा भनेर राख्नुपर्ने जुन खालको आदेश भएको छ तदअनुसार हामीले सामुहिक शंशोधन गर्न गैराखेका छौ यो बिधेयकमा ३ माहोले फाराम छ बिद्यमान ऐनको व्यवस्था छ यसमा सामुहिक शंशोधन गर्नुपर्ने बिषयबस्तु छ र शंशोधन गर्नु पर्नाको कारण उल्लेख छ त्यसैले हामी ऐनको शंशोधनमा पनी दफावार गर्दै छौ र ऐनका अनुसुचिहरुमा पनी हामीले शंशोधन गर्दै छौ हामीसवैलाई स्पष्टै थाहै छ यो सुबिधा भनेर दफा ३ मा गाउकार्यपालीका नगरकार्यपालीका, उपमहानगरकार्यपालीका का प्रमुख उपप्रमुख अध्यक्ष उपाध्यक्ष वडाध्यक्ष र कार्यपालीका सदस्यहरुको सुबिधाहरुलाई अनुसुचिको १ को क ख र गमा उल्लेख भय बमोजिमको सुबिधा उपलब्ध गराउने भनेको छ र त्यसैउगरेर जिल्ला समन्वय समितिका प्रमुख उपप्रमुख लाई अनुसुचि १ को घ मा भयबमोजिमको सेवा सुबिधा उपलब्ध गराउने व्यवस्था भएको छ र गाउसभा, नगरसभा र उपमहानगरपालीकाका सभा सदस्यहरुको अनुसुचि १ को ९ मा भएको सुबिधाहरु पाउने छन भनेर यहा उल्लेख भएको छ त्यसैले हामीले यो मुल ऐनको दफामा र अनुसुचिमा शंशोधन गर्न गैरहेका छौ माननीय सदस्यहरुका सुझावहरुलाई र दृष्टिकोणहरुलाई समावेश गरेर बिधेयकलाई अझै परीष्कृत गर्दै सामुहिक शंशोधन गरीने छ भन्ने कुरा म यहा राख्नु चाहान्छु यहाहरुका बहुमुल्य सुझावका लागि धन्यवाद ब्यक्त गर्न चाहान्छु हवस धन्यवाद ।

८. **माननीय सदस्यहरू,**

अब म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई **"स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन,२०७५ लाई संसोधन गर्न बनेको विधेयक, २०७६"** लाई दफावार छलफलको लागि प्रदेश सभा नियमावली २०७४, को नियम नियम १०८ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम विधायन तथाप्रदेश मामिला समितिमा पठाईयोस भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

सभामुख महोदय, स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन २०७५ लाई शंशोधन गर्न बनेको बिधेयक, २०७६ लाई दफावार छलफलका लागि प्रदेश सभानीयमावली २०७४ को नीयम १०८ को उपनीयम १ को देहाय खण्ड ख बमोजिम बिधायन तथा प्रदेश मामिला समितिमा पठाईयोस भनी प्रदेश सरकारका तर्फबाट यो प्रस्ताव पेश गर्दछु धन्यवाद

९. **माननीय सदस्यहरू,**

अब म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

**(“हुन्छ” भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

**(“हुन्न” भनेपछि)**

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **“स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन,२०७५ लाई संसोधन गर्न बनेको विधेयक, २०७६”**लाई दफावार छलफलको लागि विधायन तथा प्रदेश मामिला समितिमा पठाईयोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

१०. **माननीय सदस्यहरू,**

**“स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन,२०७५ लाई संसोधन गर्न बनेको विधेयक, २०७६”**माथिको आजको कार्बाही यँही समाप्त हुन्छ ।

११. **माननीय सदस्यहरू,**

अब आर्थिक मामीला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराले मिति २०७७।२।१३ गतेको सभाको बैठकमा सुदूरपश्चिम प्रदेशको आर्थिक कार्यविधि (पहिलो संसोधन)अध्यादेश,२०७७ र प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (२) बमोजिम प्रस्तुत गरेको आ.व.२०७७।०७८ को पुर्व बजेट छलफलका लागि तयारी दस्तावेज माथिको बाँकी छलफलको कार्वाही प्रारम्भ हुन्छ । सर्वप्रथम माननीय हर्क बहादुर कुंवरलाई समय दिन्छु ।

सभामुख महोदय, यो महत्वपुर्ण अधिववेशन छेटौ अधिवेशनको पाचौं दिन यो बर्ष छेटौ अधिवेशनको सर्बप्रथम म स्वागत गर्न चाहान्छु साथै लीपुलेक, कालापानी लीम्पियाधुरा संघिय सरकारले जुन महत्वपुर्ण कदम गरेर नक्सा पास गरेको छ नक्सा सार्बजनीक गरेको छ नेपालीको शान उच्च भएको छ त्यसैले म सम्मानका साथ समर्थन गर्दै धन्यवाद दिदै आभार ब्यक्त गर्न चाहान्छु सभामुख महोदय, जाजरकोट जिल्ला र रुकुम जिल्लामा जातिय आधारमा यउटा प्रेमिकासँग प्रेमवालाले जुन प्रेम गर्ने नामले बोलायर घरमा जुन जघन्य अपराध गरेर ५ जनाको मृत्यु भएको छ यक जना अहिले सम्म बेपत्ता भएको छन त्यसप्रति मेरो घोर आपत्ति छ र घोर बिरोध गर्न चाहान्छु सभामुख मार्फत संघिय सरकारलाई म अनुरोध गर्न चाहान्छु यो कडा भन्दाकडा कारबाहि गरोस र पिडित पक्षलाई क्षति पुर्तिको माग गरीयोस भन्ने पनी सभामुख मार्फत म अनुरोध गर्न चाहान्छ्रु सभामुख महोदय,हामीले आजसम्म आईपुग्दा हामी बिभिन्न किसिमले महत्वपुर्ण घडिमा उपस्थित भएको छौ यो आर्थिक बर्ष ०७७/०७८ को बिनीयोजित बजेटको सिदान्त र रद्वेश्य पार्थमिकता प्रमुख को छलफलका आधारमा हामी अगाडि बढिरहेका छौ सभामुख महोदय, म यहा सभामुख महोदय, मार्फत म अनुरोध गर्न चाहान्छु हामीले बिगतकोलाई पनी समिक्षा गर्न जरुरी छ यो गरीमामय सदनमा हामी बिगतमा अहिलेसम्म हामीले ६०% ऋस गरीसके को अवस्था छ अब हामी यो ५ बर्षमा जम्मा ४०% हाम्रो हातमा छ आज देशमा संसार भरी कोरोनाको कारणले गर्दा महामारी मच्चिरहेको अवस्था छ हाम्रो प्रदेश

पनी अछुतो छैन मान्छे त्रसित छन भयाभहित छन हामीले यसका लागि योजना बनाउने कि नबनाउने महत्वपुर्न कुरा यहानेर छ सभामुख महोदय, आज हामीले बिभिन्न बिकासका नाममा हामीले बजेट त ल्याउला तर जबसम्म स्वास्थ को ख्याल गर्न सकिदैन तब सम्म बिकासको परीपुर्ति गर्न सकिदैन जनतालाई बचाउन पनी सकिदैन भने हामी सवैको हेक्का राख्नुपर्छ जस्तो लाग्छ त्यसैले बजेटलाई मध्यनजर गरेर यो पलानमा यो कोरोना कोरोना त सवैठाउ लेखेको छ हामी यक्च्युली किन अगाडिबढ्न सक्दैन सभामुख महोदय, म सभामुख महोदय, मार्फत सम्बन्धित नीकायको म ध्यानाकर्षण गर्न चाहान्छु हामीले मानव जातिलाई लाग्ने रोगलाई नीर्मुल गर्न हामीले अगाडि बढ्नुपर्छ चाहे त्यो प्रतिपक्ष होस चाह त्यो सत्तापक्ष होस सवैको धारणा यउटै हुनुपर्छ यहा कुरा उठिरहेका छन मान्छे त्रसित छन मान्छे अब भोकमरीकोले पनी दलदलमा पर्ने अवस्था आईसकेको छ हामीले भन्नुपर्छ सभामुख महोदय,हामीले सर्बदलीय पक्ष यउटा मिटिङ बोलायर कोरोनाको बारेमा गम्भिर छलफल गरेर अगाडि बढ्नुपर्छ तब मात्र हामी केहि काम गर्न जस्तो मलाई लागिरहेको छ त्यसैकारणले सभामुख महोदय, मार्फत म सम्बन्धित नीकायको ध्यानाकर्षण गराउन चाहान्छु सम्बन्धित मन्त्रालयले पनी जवाफ मेरो गरीमाय आशलाई जवाफ दिनुपर्छ आज हामी परीस्थित फरक छ सभामुख महोदय,हामीले बिगतका दिनमा के गल्ति कमजोरी गर्यौ के फाईदागर्यौ जनताको पक्षमा के कसरी अगाडि बढ्यौ भन्ने कुरालाई पनी हामीले हेक्का राख्नुपर्छ अस्ति भर्खरै यो कार्यक्रम प्रस्तुत हुदा बिनीयोजन बिधेयकको सिदान्त र उद्देश्य माथि प्रस्तुत हुदाँ सम्बन्धित मन्त्रि ज्यु ले आर्थिक मामिला तथा योजना मन्त्रिले कालापानी लीपियाधुरालाई जुन बिबास्पद कुरा उठाउनुभो त्यसमा मेरो घोर आपत्ति छ यो गरीमामय सदनमा हाम्रो राष्ट्र मात्र होईन अहिले विश्वले नेपालसँग नीहु खोज्नुहुन्न भनेर भारतका कतिपय बिद्धावनले नेपालको पक्षमा बोलेका  छन ईतिहासको साक्षि राखेर बोलेका छन त्यले हाम्रो यक जना मन्त्रि ले बिबादस्पद भनेको छ त्यलाई उहाको बोलीलाई कलेक्सन गरेर अघाडि बढ्नुपर्छ जस्तो मलाई  लाग्छ सम्बन्धित मार्फत म ध्यानाकर्षण गराउन चाहान्छु हामी यतिबेला महत्वपुर्ण घडिमा छौ हाम्रो यो अधिवेशन बजेट अधिवेशन हो कसैलाई काखा र कसैलाई पाखा गर्ने नाममा हामी यस्ता काम अगाडि बढायौ भने जनता नीराश हुन्छन ५३ जना हामी यउटै डुङ्गामा छऔ यदि डुङ्गा डुब्यो भने ५३ जना कहा पुग्छन हामीले पनी त्यसमा हेक्का राख्नुपर्छ सभामुख महोदय, यो पुर्ब तयारीका बारेमा धेरै कुरा लेखन राम्रो आयको छ म धन्यवाद दिन चाहान्छु यकदम राम्रो मिहेनत गरेर लेखनुभाको छ लेखेर मात्र पर्याप्त हुदैन यसका १ देखि ५९ बुदामा धेरै कुरा लेखेका छन हामीले बिगतकाकुरामा नीतितथा कार्यक्रममा आउने बजेटमा पनी बिगतमा धेरै कुरा लेखेमा थिय कार्यान्वयन भय कि भयनन् भन्ने महत्व त्यसमा ध्यान दिन चाहान्छु र सभामुख महोदय, मार्फत म सम्बन्धित नीकायलाई ध्यानाकर्षण गराउन चाहान्छु हामीले कार्यान्वयनको पाटो बलीयो बनाउने कि सेता पानाले रङ्गायर खाली माननीय ज्युका हातमा ठम्याउने हो त्यसमा पनी गम्भिर छलफल हुन जरुरी छ यो अवस्था यकातिर रोगले पेलीरहेको छ यकातिर भोकको अब सिर्जना गर्दै छ हामीले अब प्रदेशका ९ वटै जिल्लामा ८८ वटा पालीका हामीले आपुर्ति ब्यवस्था गर्न सक्यौ कि सकेनौ बनायको छ सरकारले आपुर्ति ब्यवस्था तिर सभामुख महोदय, मार्फत ध्यानाकर्षण गर्न चाहान्छु कोरोनाको

नाममा आज धेरै मान्छेहरु पिडित छन म भन्न चाहान्छू सभामुख महोदय, मार्फत सम्बन्धित मेडिसियन सामान ९ वटै जिल्लामा ९ वटा ल्याबलाई स्थापना गरेर त्यहा सामान्को पर्याप्त उपलब्ध गरावस भन्ने म ध्यानाकर्षण गर्न चाहान्छु त्यहि कारणले आज हामी मान्छेलाई मानव लाई बचाउन सक्छौ कि सक्दैनौ हामी आफु पनी बाचौं अर्कालाई पनी बचाऔ त्यसमा बोलेको छ तर हामी याक्सनमा जान सक्छौ कि सक्दैनौ सवाल यहानेर हो सभामुख महोदय, त्यहि कारणले यो गरीमामय ह्रासले यकदमै सर्बदलीय बैठक बोलायर कोरोनाको बारेमा नीचोड नीकालोस भन्ने म हनुरोध पनी गर्न चाहान्छु हामीले यहा लेखेको छ पढ्यौ हामीले दलीत जनजाति महिला सवैको बारेमा बोलेको छ बोलेर मात्रै हुदैन सभामुख महोदय, मैले जब यो सदनमा सपथ खायको ७ दिनमा मैले दलीत को ब्यवस्था हुनुपर्छ आज ति पिडित छन भनेर मैले त्यतिबेला मैले सपथ खायको ७ दिनमा यो आशमा बोलेको थिय त्यो रेकर्डमा कायम होला आज त्यहि कुरालाई पनी नीरन्तरता आयको छैन त्यस्ता कुरालाई यो बिधिले बोल्दैन बोल्न जरुरी छ र यलाई कार्यन्वयनको पाटोमा बलीयो बनाउनुपर्छ भन्ने मेरो अनुरोध छ र सभामुख महोदय, मार्फत ति दलीत दाजुभाइ लाई लालपुर्जा बितरणको लागि आउदो नीति कार्यक्रम र बजेटले बोलोस भन्ने पनी म अनुरोध गर्न चाहान्छु सभामुख महोदय, आज हामी समिक्षा गर्दागर्दै पनी हामीले सरकारको ध्यानाकर्षण गराउदा गराउदा पनी सुनुवाई भएको छैन स्वरोजगार बिधेयक हामीले पास गर्यौ नीयमावली बनीरहेको अवस्था छैन सभामुख महोदय, आज ति बिदेशियका युवाहरुलाई भारत होस तेस्रो मुलुकका युवाहरुलाई जे काम दियम भन्ने कुरामा हामी किन चुकिराखेको छ सरकार किन चुकिराखेको छ त्यसमा ध्यान दिने कि नदिने आज २ अरब पैसा कहा छ कहा परीचालीत भएको छ सभामुख महोदय,हामीले ध्यान दिन जरुरी छ म सभामुख महोदय, मार्फत सम्बन्धित नीकायलाई छिटो भन्दा छिटो त्यो स्वरोजगारको पैसा युवाहरुलाई १४-४० का युवाहरुलाई चाहे महिला हुन चाहे दलीत हुन चाहे जु पक्ष भय पनी तिनलाई साना घरेलु पक्षबाट अगाडि बढाउनुपर्छ मेरो जोडदार माग छ सभामुख महोदय,हामीले बोलेका थियौ यहा बस सञ्चालन गर्ने भनेका थियौ हामीले सभामुख महोदय, म सभामुख महोदय, मार्फत सम्बन्धित मन्त्रि ज्युको ध्यानाकरषण गराउन चाहान्छु ति बस कहा चलेका छन डडेल्धुराबाट बैतडि चलेका छन या कुन जिल्ला पहाडका कुन जिल्ला चलेका छन म ध्यानाकर्षण गराउन चाहान्छु सभामुख महोदय,यहि कारणले आज हाम्रोसंघियता माथि प्रश्न उठिराखेको छ मलाई यक जना स्थानीय तहका प्रमुखले भन्नुभयो तपाईहरुको काम छैन संघियलाई खारेज ग्रनुपर्छ भनेर मेरै अगाडि बोल्नु भयो मेरो घोर आपत्ति तपाईलाई कारबाहि हुनुपर्छ संबिधानमा लेखेका कुरालाई तपाईले यसरी बोल्न पाईन्च आज हामी माथि प्रश्न उठिराखेको छ हामी दिगो पनको काम गरीराखेका छैनौ जनतालाई स्वाभिमानी बनाउन सकिराखेका छैनौ जनतालाई आधारभुत काममा अगाडि बढआउन सकिराखेका छैनौ सभामुख महोदय, आज बोलेर मात्र लेखेर मात्र पुग्ने भय किन यो गरीमामय हाउस चाहियको त्यसैले आज हामी नीर्णायक रुपमा सभामुख मार्फत म सम्बन्धित नीकायको ध्यानाकर्षण गराउन चाहान्छु मैले सुनेको छु कति सत्यता हो रकम रुपान्तरण गरीयको छ रे ५ करोड २२ करोड रुपैया कञ्चनपुरदेखि लीएर कुन जिल्लामा यो २७ करोड रुपिया रकमान्तर गरीयो त्यहा के आधारमा गरीयो

असारको आज १७ गते भयो त्यो लागु हुन्छ कि हुदैन कसको खल्तिमा दिनका लागि यो रकमान्तर गरीयको हो सभामुख महोदय, आजहामीलाई भन्ने गरेका छन माननीय ज्युले बिरोध गरेका छन रे हामीले बिरोधका नाममा कसैको बोरोध गरेका होईनौ सभामुख महोदय,हामीले सरकारलाई सहि बाटोमा सहि ट्र्याकमा अगाडि बढाउनका लागि सुदुरपश्चिमको सरकारको गतिलाई अगाडि बढाउनका लागि जनतामा जिम्मेवारी ढङ्गले अगाडि बढ्नको लागि हामीले सवै सुझावका लागि हामीले कुरा उठायका छौ म सभामुख महोदय, मार्फत सम्बन्धित मन्त्रालय सरकारलाईम ध्यानाकर्षण गराउन चाहान्छु आज हामी अरु प्रदेशको पनी हेरौ राम्रा कुरा अरुबाट पनी सिकौ राम्रा कुराका लागि माननीयज्युका कुरालाई पनी सुनौ राम्रा कुराका लागिप्रतिपक्षलाई पनी साथमा लीएर जाऔ जनताले जनआदेश दियको छ हामीले कम्युनीष्ट हरु सरकार बनाउ दुईतिहाईको प्रतिपक्षमा नेपाली कांग्रेश लाई पनी सँगै लीएर जाउ भनेर हामीलाईजनादेश  दियको छ अनी प्रतिपक्षका सातिहरुले पनी यो यस्तो महामारीको बेला मा सरकारलाई साथ दिनुछ हामीले पनी सवै मिलेर अगाडि बढ्नु छ प्रदेश सरकारले राम्रो काम गर्या छ अरु प्रदेशले भन्दा के गर्या छ भन्दा राहत दियको छ स्थानीय तहलाई तर त्यसको नीति ठिक छैन त्यसको कार्यबिधिमा त्रुटि छ त्यो कार्यबिधि सच्याउन जरुरी छ सरकारले आज प्रदेशका माननीय ज्युहरु आफ्नो जिल्लामा  जान सकिरहेको छैन आफ्नो क्षेत्रमा जान सकिरहेको अवस्था छैन अनी भनीयको छ बिधिमा त्यो अनुगमन गरीने छ कले गरीने त्यो त्यो जुन मैले भाषा बोल्नुहुदैन किटानीका साथ जिम्मेवारी दियर प्रत्येक माननीय ज्युहरुलाई ककोरोनाको बिरुद्धमा आ-आफ्नो क्षेत्रमा जनतालाई आसस्वस्त पार्नका माननीयहरुलाई पठाउनुपर्छ खाली हात होईन पैसा दियर पठाउनुपर्छ अनी त्यहाको स्थानीय संघियसँग समन्वय गरेर  यकरुपता कायम गरेर जब सम्म हामी अगाडि बढ्न सक्दैनौ तबसम्म हाम्रो प्रदेशले गति लीन सक्दैन आज हामी लाचार भएको छौ माननीय ज्युहरुलाई सोधिरहेका छन माननीय ज्यु गौरीफन्टामा हामी भोकै छौ पानी पाईरहेको छैनहामी किन डराउछु जनताको सम्पति जनताका लागि लगानी गर्ने कि कसका लागि गर्ने त्यो जनताको सम्पति हो त्यसैले जनताका लागि हामीले लगानी गरौ चाहे बसमा होस चाहे खानमा होस मेडोसन सामानमा सरबदलीय बैठक गरेर पनी यो माहामारीमा जुधौ त्यो मात्र हाम्रो कल्याण हुन सक्छ सभामुख महोदय, यि कुरारहरुलाई मैले यसरी अगाडि बढाइरहदा मैले सभामुख महोदय, मार्फत सम्बन्धित नीकाय सरकार गम्भिर भयर अगाडि बढोस र कसैलाइ चिन्ता मान्नु पर्दैन यो बजेट यो नीति कार्यक्रम हामी पास गर्छौ त्यसैले तपाईहरु पनी हाम्रा भावनाको कदर गरेर कसैलाई काखा पाखा गरेर अगाडि बढोस भनेर मेरो भनाइलाई यहि अन्त्य गर्छु धन्यवाद नमस्ते

**माननीय दिव्यश्वरी शाह**

सभामुख महोदय, नीतिलाई शुभकामना दिन चाहान्छु सर्बप्रथम रुकुम जाजरकोटको अमानविय घटानाहरु भएको सुन्दा अत्यन्तै दुख लागेको छ रुकुम जिल्ला मेरो जन्म थलो हो जाजरकोट जिल्ला मेरो कर्म थलो हो त्यसकारणले चासो लीन जरुरी थियि मैले ठाउठाउमा फोन गरेर सोध्दा वास्तविक घटना जो यो सदनमा वाडियको छ त्यो घटना हुन नसक्ने अवस्था छ सुन्नमा आया छ किन भने आफ्नै साथिले नै हत्या गरेको

हुन सक्ने सम्भावना आयको छ त्यसकारणले हुन त जातिय हिंसामा नै हो किनभने तिनीहरुसँग क्षेत्रि अरु जनजाति हरु साह ठकुरी हरु पनी अन्य १९ जना जातजातिका दलीत मात्र नभयर अरु जातजातिका साथिलाई पनीसाथमा लीएर आयको रैछ यउटा विश्वासिले तर ति ब्यक्ति हरुले नै उनीहरुको हत्या गरेको सम्भावना र गाउलेहरुको बयान अनुसार कसैले पनी यो दुर्घटना गर्या होईन भन्ने प्रमाण हुन्छ जस्तो छ र ति बिमागत आत्माहरुलाई म श्रदान्जली दिन चाहान्छु पिडितहरुलाई समबेदना दिन चाहान्छु र जाजरकोटका सांसद जाजिर शाहले जनहि २० लाख क्रिया खर्च दियर उनीहरुलाई हलीकति राहत प्रदान गर्नु भएको छ उहालाई म धेरै धेरै धन्यवाद दिन चाहान्छु र आज हामी कोरोना कोभिड १९ यो संसारलाई जितेर विश्वको बिज्ञानलाई परास्त गरेर आयको कोरोना हाम्रो देश पनी अछुतो छैन देशमा पनी प्रवेश गरी सकेको छ यो जिव पनी होईन अदृश्य प्रहार गर्ने के चिज हो त भन्ने ठुला ठुला बैज्ञानीकहरु पनी फेल भएको अवस्था छ हामीले आफैले सुरक्षा गरेर अरुलाई पनी सुरक्षित हुन प्रचारप्रसार गरीराख्या छौ अझै पनी दरो किसिमले प्रचारप्रसार गर्न पर्ने देख्या छु मैले र अहिले जो गौरीफन्टा नाकामा ईन्डियावाट प्रवेश गर्दै छन काठमाडौं देखि लीएर झापा मोरङ सम्मका ब्यक्तिहरु पनी यो नाका प्रवेश गरेका छन अब ईन्डियाको यो नाकाबाट नजिकको ब्यक्तिहरु यहि नाकावाट प्रदेश गर्या छन भयाभह स्थिति छ पानी खान पाया छैनन् खाना खान पाया छैनन् बस्ने बासस छैन कति त्रसित चन ति व्यक्ति यस्तो अवस्था नेपालीहरुको सायद कुनै जीवनमा पनी भया थियन होला जस्तो लाग्च मलाई त्यसकारणले स्थानीय तहले पनी सक्दो प्रयास गरेर काम गरीरहेको छ र प्रदेश सरकारले पनी नगर्या भन्न मिल्दैन गर्या मैले देख्या छु र सवै तहबाट प्रयास भएको हो तै पनी उनीहरु सन्तृष्ट भएको छैनन् लथालीङ्ग भएको अवस्थामा कोहि कतै बाट कोहि कतैबाट छिर्दै छन र चेक गर्ने किटहरु पनी प्रशसत मात्रामा नआयको र कसैलाई पनी चचेक नभएको कोरोनाको चेक नभएको हरेक बजेट कोरोना चेक गर्ने अवस्था त सरकारले गर्नै पर्यो यो नभया अबस्थामा हाम्रो यहा भयाभह अवस्था भोली नआउला भन्न सकिदैन यतिठुलो भयाभह हुने हो कि कोरोना चेक नगरीकन बहारतिर गय त्यो कोरोन संक्रमित भय भने उनको क्वारेन्टाइन कहा पाउने उनको चेक गर्ने मेसिन कहा पाउने यो कुरा हाम्रो सुदुरपश्चिम प्रदेशले सोच्नै प्रने अवस्था छ भोली जो भारतबाट आउने छन कति लाख आईसक्या छन भन्ने सुन्या छ ति ब्यक्तिलाई यो सरकारले कसरी राशन दिने हो हिजोको दिनमा त लकडाउन बयको ७ दिनदेखि रासन बाड्या छ लकडाउन भएको ७ दिनमै १५ दिनमा राशन बितरण गर्न पर्ने केथियो सुदुरपश्चिम अखण्ड सुदुरपश्चमको बेला ३२ दिनसम्म कसले रासन बितरण गर्या थियो र हामी त्रसित भयर यकदम जान्ने भयर हामीले राशन बितरण अब आउने दिनमा हामीले यो स्थिति एउटा परीवारलाई ३० कि.लो राशन २ किलो चिनी २ किलो दाल यउटा परीवारलाई दिन सक्ने कि नसक्ने यो पनी अहिले सोच्ने अवस्था आज जो हिटिराख्या छचन गौरीफन्टा नाकावाट अथवा उता कताकताबाट नीस्कन्छन डडेल्धुरा दार्चुलाबाट भित्रिने अवस्था छ ति ब्यक्तिहरु सबै राशन खाने वाला हुन उनीहरुको पैसा सिध्दिसक्या छ ईन्डियामा कमायको पैसा काम गर्दा गर्दा सकिसक्या छ भोली ति उहरुलाई हामीले शन गाउगाउमा जिल्लाजिल्ला कसरी पुर्याउने त्यो अवस्थाको पनी ख्याल गर्नु पर्छ म धेरै कुराहरु

भन्न पनी चाहान्न र कञ्चनपुरमा हाम्रा कृष्णपुर नगरपालीकाका वडाध्यक्ष कल्लु राना को कोरोना सँग सङ्घर्ष गर्दा गर्दै नीधन भएको रहेछ उहालाई म श्रदान्जली दिन चाहान्चुशोकसनतप्त परीवारलाई धैर्यधारण गर्ने भगवानले दिउन भन्ने आशा गरेको छु र मैले धेरै कुरा भनीराखु पर्ने कुरा छैन र म आरथिक मामिला तथा योजना मन्त्रि ज्युले सुझावका लागि पत्र पठाउनु भएको थियो त्यहि सुझाव यहा भन्न चाहान्छु सभामुख महोदय, सुदुरपश्चिमप्रदेश सभामा जेष्ठ १३ गते ०७७/०७८ को बिनीयोजन बिधेयकको सिद्दान्त नीति उद्देश्य प्राथमिकता र  प्रमुख नीति आर्थिक मामिला मन्त्रि ले छलफलका लागि सदनमा पेस गर्नु भएको थियो सो बिधेयकमा केहि कुरा राम्रा आयका छन यसको प्रभावकारीता गर्ने यो बजेटको आकार बजेट बिनीयोजित गर्दा कति बजेट बिनीयोजन हुन्छ त्यो भने हेर्न बाकि छ यसलाई शंसार भर बजेट ल्याउनुभन्दा पहिले ल्याउने भएकोले प्रि बजेट वा प्रि बजेट छलफल पनी मानीन्छ यसमा तय गरेका सिध्दान्त उद्देश्य र प्रथमिकताको कार्यान्वयन कसरी हुन्छ त्यो बजेट बिनोयिजतले देखाउने  अहिलेको मुख्या सिद्दान्त कोभिड १९ को हो भन्ने कुरा यो विधेयकको आशय हो भन्ने जस्तो लाग्छ यसको अन्त्य कहिले सम्म लाग्छ र कति क्षति गर्छ भन्न सकिने अवस्था छैन हामी सवै यक किसिमको अनीशचय भएको अवस्थामा छौ हामी सवै भिषण हामी सवै समयले यकबद्द भयर आफ्नो बिबेक क्षमता र सिपको उपयोग गर्नुपर्छ सभामुख महोदय, आज हामी दिनमा सुदुरपश्चिम प्रदेशमा भारतलगायत अन्य मुलुकबाट आउने मानसले गाउमै बसि उद्दयशिलता बिकास गर्ने त्रफ आगामि बजेटको ध्यान जाओस गाउमा मानीसहरु त्यति बेला बस्छन जति बेला गाउमा गुणस्तरीय शिक्षा गुनस्तरीय स्वास्थ्य र मानीसले बारै महिना रोजगारको अवसर पाऊछ यस बरष बजेटमा मुख्य हित बनाउन र सोहो अनुसार बजेट बिनीयोजित गर्न अनुरोध गर्दछु सभामुख महोदय, आगामि बजेटलाई प्राथमिकता दिन त्यस बिधेयकमा उल्लेख छ यसमा नव सहयोगले केहि हुदो रहेनछ भन्ने कुरा हामीले बिभिन्न सञ्चार माध्यमबाट आयको कुराबाट थाहा पायका छौ यसका लागि यान्त्रिक सहयोग र भु-उपयोगबाटको कृषि नीति अवलम्बन गर्नुपर्छ अबको बजेट बाजुराको लेकाली भेगमा च्याउ र धनगढि काठमांडौ सम्म कसरी लैजाने यसलाई चैन कसरी नीर्माण गर्ने त्यसतर्फ पनी ध्यानजान आग्रह गर्दछु यस बिधेयकमा नया लोकमार्ग स्थापना गर्ने भन्ने ब्यवस्था छ माननीय सभामुख महोदय, नया लोकमार्ग भनेको प्रदेश मा भएको ढुङ्गे सडकलाई ग्राभिल सडक र ग्राभिल सडकलाई कालोपत्रे भएको सडकमा बाह्र महिना नीर्बाध रुपमा यातायात सञ्चालन हुने अवस्था सिर्जना गरौ अनी मात्रै गाउको उत्पादन शहरसम्मपुर्याउन सकिन्छ अनी शहरको उत्पादन गाउसम्म पुर्याउन सकिन्छ माननीय सभामुख महोदय,कोरोना अर्थतन्त्रमा पुर्यायको गम्भिर क्षति मुल्याङ्कन गर्दै उद्योगवाणिज्य र पर्यटन क्षेत्रको लागि बिशेस माग सहित आगामि आर्थिक बर्षको बजेट स्वास्थ्य क्षेत्रको साथसाथै पुर्बाधार औद्यौगिक व्यवसायिक वाताबरण नीर्माणमा केन्द्रित हुने छ भन्ने हामीले बिश्वास लीयका छौ संघिय सरकारले ल्यायको नीतितथा कार्यक्रम यस क्षेत्रका नीजि क्षेत्रलाई नीराश बनायको छ त्यसर्थ यस क्षेत्रका उद्योगि व्यवसायिलाई यो महामारीको संकटबाट थला परेको उद्योग व्यवसाय र पर्यटन क्षेत्रलाई राहत प्रदान गर्ने कार्यक्रम पनी यस बजेटमा समावेश होस भन्ने आग्रह गर्नचाहान्छु सभामुख महोदय, यो सरकारले आगामि आर्थिक बर्षका लागि ल्याउनर बजेटकोपुर्ब

छलफल भएकोले यसको प्रथमिकता अनुसार बजेट कति बिनीयोजन हुन्छ कुन प्रक्रियाबाट प्रभावकारी कार्यान्वयन हुन्छ लक्षित सरोकारलाई कसरी परीणाम दिन सकिन्छ त्यो कुरा बजेट ल्याउन आउने छ भन्ने मलाई आशा छ कार्यान्वयन गर्न सकिने खर्च गरी जनतालाई सरकार भएको आभाश हुने गरी बजेट आउने छ भन्ने आशा गरेको छु धन्यवाद

**माननीय मना कुमारी सांउद**

सभामुख महोदय,पुर्ब बजेट छलफल नीतिसिद्धान्त र प्रमुख नीति को दस्तावेज माथि हामी छलफल गरीरहेका छौ सर्बप्रथम आर्थिक मामिला तथा योजना मन्त्रि लाई म हार्दिक धन्यवाद दिन चाहान्छु र यो बिश्व कोरोना महामारी यउटा शंकटमा छ यस संकट को घडिमा सम्पुर्ण जनसमुदाय र सरकार सबैले प्रत्येक ब्यक्तिको स्वास्थ्यको लागि सबैले संबिदनशिक हुन आवश्यक छ र साच्चिकै अहिलेको यो संबेदनशिल घडिमा घाममा बाउडरमा तड्पियका छन र स्थानीय सरकारले प्रदेश सरकारले व्यवस्था गर्छ प्रदेश सरकारले संघिय सरकारले व्यवस्था गर्छ र समन्वय गर्नुस भन्ने कुरा भैसकेपछि जनताले अत्यन्तै दुख पाईराखेको अवस्था छ कोरोना प्रत्येक जिल्लामा हाम्रो अछाम जिल्लामा ८-९ हजार ईन्डियाबाट काठमाडौ बाट बिभिन्न ठाउबाट अहिले भित्रियका छन उहाहरुलाई बस्नको लागि खानको लागि अत्यन्तै समस्या परीरहेको छ र स्वास्थ्य चेकजाँजको कुरा त कहा हो काहा तर बस्नको व्यवस्था पनी अहिले स्थाननीय सरकारलाई धौधौ परीरहेको छ रर यसलाई कसरी सहजिकरण गर्ने भन्ने कुरा प्रदेश सरकार र यसको सहजिकरण छिट्टै नै गर्नुपर्छ र यसको व्यवस्थापन गर्नुपर्च भन्ने मलाई लाग्छ अस्तिहाम्रो मिल्ले गाउपालीकाको नर बहादुर साउदलाई कोरोना देखियो र सँगै आयकालाई पनी कोरोना देखियो छोरी र श्रिमतिलाई नेगेटिभ आईसकेपछि अब हस्पिटलमा बस्न मिल्दैन तपाईहरु जानुस भन्ने कुरा भैसकेपछि २ दिनसम्म उहा न कुनै होटेलमा राक्दिनुस भन्दा खेरी होटेल ब्यवसायिहरुले नमानेको र कुनै गाडिले तपाई अछाम पुर्याईदिनुस न भन्दा खेरी गाडिले पनी पुर्याउन नमानेको यस्ता दुख जनताले पाईरहेका छन अबका दिनहरुमा भारतबाट आउने बिदेशबाट आउने जुनसुकै नागरीकले अब यो कोरोनाले गर्दा टन्टालापुरे घाममा दुख नपावस र यसको छिट्टै व्यवस्थापन गर्नुपर्छ समिति गठन गरेर यसको व्यवस्थापन गर्न पर्च सरकारले भन्न म यउटा सुझाव दिन चाहान्छु र अब यो पुर्ब बजेट माथि छलफल गर्ने सन्दर्भमा पहिलो कुरा त यसमा सरकारले समिक्षित हुन जरुरी छ किनभने अहिले अढाई बर्ष पुगिसक्यो हामी जनताका प्रतिनीधि हौ हामीप्रति जनताले के आस गर्ने र हामीले जनतालाई के जवाफ दिने हामीले कति काम ग्रयौ हुन त यहाकाम गरेकोयउटा समिक्षा र यउटा कार्यप्रगति पनी यहा प्रस्तुत होला र कति के गरेको छ भन्ने कुरामा र अहिले अत्यन्तै समस्या परीरहेको छ र आज सम्म प्रदेश सरकारले दियका योजनाहरु अझै सम्झौता हुन बाकि छन अब कहिले हुने सम्झौता सम्झौता गरेर कामम कारबाहि शुरु गर्ने कि या त्यो बजेट फ्रिज गर्ने अब क्वईसन यहानेर छ त्यसैले समयमा असारमा बजेट आयो त्यसपछि ९ महिनासम्म कुनै कारबाहि अगाडि बढ्न सकेन सम्झौता हुन सकेन अख्तियारी गयन अब त्यसपछि यो आधा महिना भित्र यक महिना भित्र अब यो असारे बजेट हुदासम्म कहिले जान्छ त्यसैले अलीकति चुनौति थपियको छ

त्यसैले आगामि दिनमा म यउटा सरकारलाई बिरोध को कुरा होईन कि आगामि दिनमा यस्तो नहोस समयमा अख्तियारी जावस समयमा जनताले काम गर्न पाउन त्यसको सेवा पाउन भन्न म सरकारलाई अनुरोध गर्न चाहानछु त्यसैले म अछाम जिल्लाको पटक पटक हामी भनीरहेका छौ सुदुरपश्चिमको छाउपडि कुप्रथा भनेर हरेक मिडिया मार्फत बोलीरहेका छौ स्थानीय सरकार बोलीरहेको छ संघिय सरकार बोलीरहेको छ तर पनी यो ठोस कार्यन्वयनमा किन जादैन महिलाहरु आजसम्म छाउपडि गोठमा महिलाहरुले मृत्यु खेपिरहेका छन मरीरहेका छन रअहिले कोरोना आयो यो कोराना त चैत ११ गते बाटै नै लकडाउनभाको हो त्यो भन्दा अगाडि नै बिभिन्न खालका समस्याहरु छन हामीले अझै पनी त्यो रुकुम रोल्पाको त्यो जघन्य अपराध यउटा अमानविय ब्यवहार त्यहा देखायको छ घटना घटेको छ त्यो घटनाको म घोर नीन्दा गर्न चाहान्छु र दोषिमाथि कडाभन्दाकडा कारबाहि होस भन्न पनी चाहान्छु र अछाम जिल्लाका १५ जना छाउपडि गोठमा मर्ने जिल्लाको मान्छे हु म मैले पटक पटक भनीरहेकि छु सवैमान्छेहरु घर भित्र बस्धेनन् सवैमान्छेहरु गोठमा बस्दैनन् त्यहा अध्ययन अनुसन्धान गर्न जरुरी रीसर्च गर्न जरुरी छ कति मान्छे बाहिर बस्चन कति मान्छे भित्र बस्छच र आज सम्म पनी हम्रा समाजमा पुराना रुढिबादि सोच र चिन्तनमा मान्छेहरु अझै पनी हाम्रो समाजमा छन लोकतन्त्र आयको छ गणतन्त्र आयको छ २१ औ शताब्दि भन्छौ हामी सुखि नेपाली समृद नेपाल भन्छौ तर त्यो महशुस आज जनताले गर्न पायका छैनन् हरेक महिला दिदिबहिनी हरुले त्यो महशुस गरेका छैनन् त्यो महसुस गर्नको नीमित हामी सबैले अब लाग्नुपर्छ र प्रदेश सरकारले यकजुट गरेर जानुपर्छ स्थानीय सरकारले र संघिय सरकारले सवैले यसको सहजिकरण गरेर अब महिला हरुलाइ कसरीहामी मुक्त गराउन सक्छौ भन्ने कुराहरुमा पनी यो सँगसँगै अहिले यो महामारीको कुरा पनी छ यस्ता चुनौतिको थुप्रै समस्याका बाबजुत पनी यो समय परीस्थितिमा अगाडि बढिराख्नु परेको छ त्यसैले सरकारले अब यसेभन्दा पछिका आउने दिनहरुमा बजेट हुनत हामी पुर्ब बजेट छलफल यहा गरीरहेका छौ आउने दिनहरुमा अब लाखौ नेपाली दाजुभाइहरु बिदेशबाट नेपाल भित्रियका छन अब उहाहरुलाई व्यवस्थापन कसरी गर्ने केहि महिलाहरुलाई प्याकेजका कार्यक्रम कसरी ल्याउने युवाहरुलाई स्वरोजगारका कार्यक्रम कसरी ल्याउने यो यउटा उर्बरा शक्ति भएको नेपाल र हाम्रो सुदुरपश्चिम अत्यन्तै यउटा उर्बरा शक्ति भएको ठाउ यसलाई कसरी व्यवस्थापन गरेर लैजाने कृषिको क्षेत्रमा कसरी उत्पादन लाई कसरी जोडेर लैजाने स्वरोजगारका कार्यक्रमलाई कसरी अगाडि बढायर लैजाने यो अत्यन्तै सरकारले यसलाई यउटा रणनीति र कार्यनीति बनाउन जरुरी छ हिजोका दिनहरुमा पनी कार्यनीति राम्रो नआयको होईन अनी रणनीतिनराम्रो आयको होएन अतयन्तै राम्रो कार्यनीति आयको अत्यन्तै राम्रो योजना आयका र सरकारको रकम नआयको पनी होइन बजेट नगयको पनी होईन तर मुख्य कुरा त समस्या कहानेर छ भने यसलाई कार्यान्वयन गर्न र गराउन मा समस्या छ समयमा जानुपर्यो र समयमा यसलाई यउटा सुदुरपश्चिमको सम्पुर्ण युवा दलीत र महिलाको लागि सवैलाई यहा यउटा योजनाको खाका कोर्नुपर्छ त्सभन्दा पछि हामीले स्थानीय तहमा र जनताको बिचमा अब हामीले के जवाफ दिने स्थानीय तहमा महिलाहरुको ले के जवाफ दिने सम्पुर्ण जनतालाई जवाफ दिने हामीले य ल्यायका छौ यो अढाइ बरषमा यति काम

गर्यौ भनेर के छ हाम्रो उपलब्धो यो उपलब्धि हामी सन्न यकदमै चाहान्चौ यो  गरीमामय सदनमार्फत हामी सरकारको यउटा भिउ हामी सुन्न चाहान्छु अब हामीले यो अढाई बर्षमा के प्रगति गर्यौ र हामीले कति काम गर्न बाकि छन भन्ने कुरा यो सरकार यउटा खाका कोर्नुपर्छ अढाइ बर्षमा के गर्यौ अब अढाइ बर्षमा हामी के गर्ने हामीले जनताको बिचमा अब ५ बर्ष के लीएर जाने भन्ने बिषयमा यो अत्यन्तै चुनौतिको रुपमा आयको छ यस बारेमा सरकारले अत्यन्तै संवेदनशिल हुननुपर्ने आवशयकता छ र सम्पुर्ण जनतारुले यो गणतन्त्र आयको प्रजातन्त्र आयको लोकतन्त्र आयको अनुभव गर्न पाउने छन त्यसकारणले अहिलेको यो परीवेशमा जुन युवाहरु बेरोजगार छन यो बेरोजगारलाई पनी कसरी व्यवस्थापन गर्ने भन्ने सवालमा अत्यन्तै सरकारले संवेदनशिल हुनुपर्ने आवश्यकता छ र अर्को कुरा यो कोरोनाको नाममा कसैले पनी यहा प्रत्येक ब्यक्तिले या स्थानीय सरकारले यस प्रदेश सरकारले संघिय सरकारले जनताको जिबन माथि खेलवाड गर्न पाईदैन धनगढि उपमहानगरपालीकाले किरा परेको चामल बितरण गर्यो हामीले सारा जनताले आफ्नै भेषबाट भनेको न्यूजहरु सुन्यौ हामीले देख्यौ तर यस्ता जनतामाथि यउटा खेलवाड जनताको जीवनमाथि खेलवाड गर्न मिल्दैन या स्थानीय सरकार होस या प्रदेश सरकार होस जनतालाई सुरक्षित राम्रो जुन सरकारले दियको राहत छ यो राहत सहि ढङ्गले बितरण गरोस र यस्तै आगामि दिनमा पनी जनताको यउटा स्वास्थ्य माथि खेलवाड गर्न कसैले पनी मिल्दैन न मैले मिल्छ न सरकारलेमिल्छ त्यसैले प्रत्येक ब्यक्ति ब्यक्तिले प्रत्येक जीबन रक्षाको ग्यारेन्टि अब सरकारले लीनुपर्छ प्रत्येक अब कोरोना सँगसँगै भोकमरीको यो महामारीको अवस्था मा अब सरकारले यसको जिम्मा लीनुपर्च भन्ने कुरा पनी म राख्न चाहान्छु त्यसैले अब अगामि दिनमा यो छलफल बहसलाई हामीले अगाडि बढाउने लैजानुपर्छ र अहिलेको यो अत्यन्तै संबेदनशिल परीवेशलाइ मध्यनजर राख्दै सरकारले आफना गतिबिधिहरुलाई अगाडि बढाउनुपर्छ भन्नेकुराहरु मेरो सुझाब दिदै बिदा हुन्छु धन्यवाद

**माननीय प्रकाश रावल**

माननीय सभामुख महोदय, प्रदेश सभाको छेटौ अधिवेशन सञ्चालन भएको छ सर्बप्रथम म छैटौ अधिवेशनको पुर्ण सफलताको शुभकामना ब्यक्त गर्न चाहान्छु र छैटौ  अधिवेशनको साथसाथै आर्थिक मामिला तथा योजना मन्त्रि बाट ०७७/०७८ को बिनीयोजित बजेट टेबुल भएको छ यसको हामी नीरन्तर छलफलमा छौ र यसका सँगसँगै अहिले बिश्व यउटा आक्रान्तभएको छ कोभिड १९ भाइरसबाट संक्रमितले अहिले बिश्वलाई प्रभावित पारेको अवस्था छ त्यसबाट हाम्रो देश नेपाल पनी अछुतो हुन सकेको छैन सँगसँगै हाम्रो प्रदेश पनी शुरुमै यउटा भयाभह अवस्था देखियको थियो तथापि त्यसबाट हामी त्यति प्रभावित भयनौ र अहिले आयर कताकता हामीलाइ अली बनायको छ जुन रोजगारीको लागि मित्र राष्ट्र गयका नेपाली दाजुभाइ हरु अहिले नीरन्तर फर्किने क्रम जारी रहेको छ र हामीले देख्यौ गौरीफन्टा नाका गड्डाचौकि नाका र जुलाघाट नाका र बार्चुलाको ढार्चुला खलङ्गा नाका मा अहिले व्यापक रुपमा नेपाली दाजुभाइ हरु फर्किरहेका छन हामी अहिले लगभग २ महिना लकडाउनमा छौ र यसैगरीउ भारतले पनी जब लकडाउन शुरु गर्यो र त्यतिखेर नेपाली

हामीले यति भन्दै गर्दा प्रदेश सरकारले गरेका कामहरु केहि पनी नभएको हुन र भन्दाखेरी हैन प्रदेश सरकारले गरेका कामहरु हामीले हाम्रा नीर्वाचन क्षत्रहरु जुम्लामा हेर्दाखेरी कहिल्यै नभएको ठाउमा पननी काम भाको छ तर हामीले तोकियका गौरवका का योजनाहरु ठल्ठुला योजनाहरु जो तोकियका छौ सम्बन्धित क्षेत्राको माननीयलाइ बोलायर छलफल गरेर त्यो मतलव छलफलको कुराहरु कसरी कार्यान्वयन गर्न सकिन्छ भनेर त्यसको बारेमा सरकारले भावका साथ छलफल गरेर अझै दलका बैठक राखेर यकल बैठक सामुहिक बैठक छलफलबाट अगाडि बढेको भय हामी साच्चिकै यो स्थितिमा भन्दा माथि जान सकिन्थ्यो भन्ने मलाइ लागेको छ त्यसैले प्रदेश सरकारले आयका सवै कुरालाइ रीयालाइज गरेर मतलब माननीय र प्रदेश सरकार बिचको कर्डिनेशन मिलायर अबका कामहरुमा अझै कोरोना प्रकोपलाइ व्यवस्थित गर्ने सवालमा पहिलेको बजेट यो सिद्धान्तहरु प्राथमिकताहरु नीति हरु जुन छन तिनलाइ तेतातरीर केन्द्रित गर्नु पर्ने देखिन्छ जस्तो अहिले बिदेशबाट आयका छन ईन्डियाबाट धेरै मान्छेहरु आइराखेका छन यहि पनी बेरोजगारको सङ्ख्या धेरै छ यसलाई कसरी व्यवस्थित गरेर हाम्रा उद्देश्यहरु हाम्रा प्राथमिकताहरु बजेट को प्राथमिकताहरु त्यतातिर केन्द्रित गर्न सकिन्छ मान्छेहरुलाइ कसरी बाजो जमिन खन सकिन्छ उत्पादनको क्षेत्रमा कसरी केन्द्रित गर्न सकिन्छ हरेक आयमुलक काममा कसरी केन्द्रित गर्न सकिन्छ हाम्रा कृषि बिकास बैंकहरु अहिलेसम्म नगदि मात्र भैराखेका छन स्टोर भण्डार कसरी गर्न सकिन्छ यस्ता चिजहरुमा हाम्रो बजेट केन्द्रित हुनुपर्छ सवालमा हामीले उठायौ हामीले महिलाको सवालामा कुरा उठाउन थालेको यो रोष्टमबाट धेरै पटक भैसक्यो महिला समुदायलाइ माथि उठाउनका लागि चेतनास्तर दिनका लागि वा आयआर्जन तिर जोड्नका लागि यो प्रदेश सरकारले यसपाली १० करोड पैसा महिला शशक्तिकरणका लागि छुट्याईनुपर्छ यप माग राख्न चाहान्छु किन भन्दा खेरी यो प्रदेश भित्र महिला माननीय हरुले तरीकाले चलायर हाम्रा महिलाहरुको विचमा भएको समुदायका बिचमा रहेका बिभिन्न त्रुटिका बिरुद्द हामी अभियान कसरी गर्न सक्छौ त्यो खालको चेतना त्यो खालको शिक्षा हामीकसरी दिन सक्छौ त्यसको लागि पनी प्रदेश सरकारले आट गरेर पुर्ब बजेट महिला को लागि महिला शशक्तिकरणको लागि महिलाको लागि त्यो समुदायको लागि त्यो छुट्याइयोस भन्ने म माग पनी राख्न चाहान्छु यो बजेटको उद्देश्य त्यता पनी जावस गरीब समुदाय दलीत समुदाय लगायतका बिषयहरुमा केन्द्रित होस यो बजेटको लक्ष्य त्यतातिर केन्द्रित होस भन्न चाहान्छु अर्को कुरा भारतिय हाम्रो जो भुमि लीपुलेक कालापानी लीम्पियाधुरा नक्सामा प्रकाशित भएको छ यो धेरै राम्रो काम गरेको छ प्रदेश सरकारले धन्याबादको आभार ब्यक्त गर्न चाहान्छु तर संबिधान शशोधन गरेर हामीले नीशाना आप बनाउन खोजिरहेका तरउ त्यसमा किन अलीकति अलमलमा परेको छ त्यसका लागि प्रदेश सरकार बोल्नु पर्छ किनभने लीम्पियाधुरा कालापानी यो हाम्रो भुमि हो हाम्रो जमिन हो त्यसमा सबभन्दा बढि अशंयारी हामी छौ त्यसका लागि यहाबिकृति खोलने कुराहरु प्रदेश सरकारले किटानीका साथ अगाडि बढ्ने कुरामा कमजोर भएको छ यसमा प्रदेश सरकार मलाइ लाग्छ नक्सा जारी गरेर

मात्र यउटा कदम भयो तर महत्वपुर्ण कदम हाम्रो  यो नीशाना छापमा बाकि छ त्यसको लागि केन्द्रिय सरकारलाइ प्रदेश सरकारले पनी दबाव दिनुपर्यो कि केन्द्रिय सरकारले पनी कालापानी लीम्पियाधुरा लीपुलेक आउनुपर्यो त्यसपछि मात्र सफल भएको मानीन्छ त्यसैले यसका लागि प्रदेश सरकार यो प्रदेश सरकारको भुमि जमिन भाको हुदा केन्द्रित हुनुपर्यो अर्को कुरा अस्ति अर्थमन्त्रिले कुरा गर्दा हलीकति यो रोस्टममा रुमाल झुन्ड्याउनु भयो मतलब बोल्दा बिबादित क्षेत्र भन्नु भयो मलाइ  लाग्छ उहाले बोल्दा उहाको मतलव केहि त्रुटि भको कुरा उहाले  स्विकारी सकेपछि त्यो रेकर्ड बाट हटाईसकेपछि त्यो कुरालाइ स्मरण गरीराख्न  जरुरी छैन जस्तो मलाइ लाग्दैन किन त भन्दा खेरी अब रुमालको कुराहरु हामीले प्रयोग गर्ने सामानको कुराहरु लगायतका धेरै कम्पनीहरुको प्रचार आको हुन्छ धेरै देशको प्रचार आयको हुन्छ धैरै देशको नक्सा आयको हुन्छ हामीले बाहिरको चिजहरुलाइ प्रयोग गरीराखेका छौ त्यो चिजहरु यहा कहिलेकाहि ब्यक्त हुदा देखिदा हाम्रा पत्रकारहरुले यो रोष्टमलाइ त्यो झण्डालाइ यकै ठाउ राखेर जो मिडियाबाजि गर्नुभयो सामाजिक सञ्जालमा लीनुभयो त्यो नी स्वाधिनता हो त त्यो पनी यउटा हाम्रो गौरव हो त हाम्रो रोष्टममा अमेरीकाको झण्डा लीएर सामाजिक सञ्जाल गर्नु मिडियाबाजि गर्नु अन्तराष्ट्रिय करण  गर्नु यहा गर्नु त्यहा गर्नु  सब यो त्यतिसारो प्रदेस को राष्ट्रियताको सवालमा भयो जस्तो लागेन  यदि  उहाको नीयत हो भने उहाले भन्नुपर्छ यहा छानबिन  हुनुपर्छ कडा तरीकाले होईन भने बाइ द वे भएको मिस्टेक यउटा सद्दे संयोजनमा केहि भएको मिस्टेक स्विकारी सकेपछि रोष्टम अब सभामुखले हटाईयको छ भनेर भनीसकेछि यहि कुरालाइ स्मरण गर्नु यो सायद पोजेटिभ थिङ्किङ्ग होइन जस्तो जलाग्छ त्यसैले यतातिर नजाउ त्यसैले यो बजेट अब  साच्चिकै मतलब कृषि र स्वास्थ्य तिर स्वास्थ सामग्रिको लागि प्रदेस सरकारले छिटो भन्दाछिटो पहल गर्नु पर्छ किनभन्दा क्वारेन्टाइनमा बसेको मान्छे ४२ दिन ईन्डियाको सिमाना बसेर आयका छन वडारमाबसेर आका छन तालमुनी बसेर आका छन खुला जमिन मुनी बसेर आका छन १४ दिन घरमा  क्वारेन्टाइन मा बसेको भैसक्यो त्यसैले प्रदेश सरकारको सबभन्दा पहिलो जिम्मेवारी पहिलो काम किटको ब्यवस्था होस स्वास्थ्य सामग्रिको ब्यवस्था होस हामी माननीयलाइ यउटा मतलव ड्रिस दिनुस तपाइहरु म सिमानामा जान तयार छु दार्जुला टलकपुर जान तयार छु मलाइ ड्रेस चाहियो त्यो  व्यवस्था गरीयोस हामीलाइ  खटाईयोस हामी मेरो नीर्वाचन क्षेत्र मेरो जिल्लाको मेरा वरीपरीका कार्यकर्ताहरु नेता र लीएर म मतलब व्यवस्था उद्दार गर्न तयार छु यो व्यवस्था प्रदेश सरकारले बनाइयोस यो तरीकाले अलीकति सिरीयस भयर गैयोस भन्दै आएको यो नीति सिद्धान्त छ यतो मतलव राम्रो छ  असल छ यो अनुसार नीति तथा कार्याक्रम बनोस बजेटट पनी बनोस र कार्यान्वयन मा अझ नयाँ तरीकाले गैयोस भन्ने शुभकामना सहित यो अधिवेसनको समेट शुभकामना दिदै बिदा हुन्छु । हवस धन्यवाद ।

माननीय श्यामलाल राना

माननीय सभामुख महोदय, सर्बप्रथम यस शभाको छेटौ अधिवेशनको पुर्ण सफलताको शुभकामना ब्यक्त गर्न चाहान्छु र कोरोना भाइरसबाट मृत्यभएको प्रति श्रदान्जली अर्पण गर्न चाहान्छु साथै यस कोरोना भाइरसबाट पिडित भएको संक्रमितको शीघ्र स्वास्थ्य लाभको कामना पनी गर्न चाहान्छु माननीय सभामुख महोदय, कृष्णपुर नगरपालीका वडा न. ७ का वडाध्यक्ष त्यसै वडामा कोरोना भाइरसको क्वारेन्टाइन ब्यवस्थापान गर्ने क्रममा जुन त्यो यउटा २०७७/२/१३ गते राति उहाको आसनमै मृत्यु भएको छ यो कुरा पटक पटक भै सकेको छ आज दिन भैसकेको छ सरकारले यो कुरामा छिनोफानो गर्नु पर्छ भन्ने मलाइ लाग्छ उहालाइ छिटो भन्दा छिटो राहतको व्यस्था आवश्यकत सेवा सुबिधा सहितको सहिद घोषणा गर्नुपर्छ भन्ने म माग राख्न चाहान्छु र पुर्ब बक्ता माननीय साथिहरुले धेरै कुरा राखिसक्नु भएको छ यस रोस्टम बाट उहाहरुले आफ्ना पिडाहरु ब्यक्त गर्नु भैसकेको छ असाध्यै मार्मिक ढङ्गले यस सदनबाट आज बोल्न परेको छ यि बिगत देखि माननीय सदस्यहरुले सरकारलाइ समय समयमा दियका सुझावहरु सरकारले मनन गरेको छैन सरकार गम्भिर भएको छैन आज साच्चिकै भन्नुपर्दा सरकार कानमा तेल हालेर सुतेको छैन तेलमै कान डुबायर सुतेको जस्तो मैले महशुस गरेको छु डेढ बर्ष सम्म हामी सरकार बामे सर्दै छ भन्ने बाहनाले हामी काटि सक्यौ त्यसपछिका दिनहरु कर्मचारीको संयोजनको मुद्दा उठायरहामीले समय ब्यतित गर्न सक्यौ र आज अढाइ बर्ष भन्दा बढि भैसक्यो सरकार अझै पनी गम्भिर भैसकेको छैन यसै रोष्टमबाट सरकारका मन्त्रिहरुले माननीय मुख्य मन्त्रिलेका मन्त्रिपरीषदका मन्त्रिहरुले भन्नु भको थियो कि सुदुरपश्चिमलाइ हामी सुन्दर सुदुरपश्चिम बनाउछऔ यसलाइ १ नम्बरको प्रदेश बनाउछौ मलाइ आज यउटा कुरा महशुस भै रहेको छ कि उहाहरुले साच्चिकै १ नम्बरकै प्रदेश बनाउन खोज्नु भएको छ तर फरक यति मात्रै हो उहाहरुले यसेन्डिङ अर्डरको १ नम्बर होइन कि डिसेन्डिङ नम्बरको १ बनाउन खोज्नु भएको छ भन्ने कुरा यि सबैका अभिब्यक्ति बाट आज प्रमाणित भैसकेको छ माननीय सभामुख महोदय, अब १९ गते माननीय मुख्यमन्त्रिबाट सरकारको नीति तथा कार्यक्रम प्रस्तुत हुने हामीले खबर पाइसकेका छौ र पुर्ब बजेट माथिको छलफल लागिरहेको छ मलाइ लागेको छ म यहा भन्न चाहान्छु समयको तिन काल खण्ड हुन्छ भुत बर्तमान र भविष्य भुत काल हामीसँग बिदा भैसकेको छ हाम्रो हातबाट गैसकेको छ त्यसबाट हामीले के कुरा सिक्यौ त समय त्यसको समिक्षा गरेर अगाडि बढ्ने बेला भएको छ त्यसबाट भय गरेका कुराहरु कति त्रुटि भय कतिहामी सफल भयौ त्यो कुराको मनन गर्न हामीले जरुरी छ र भविष्यको सम्भायब्यताद अध्ययन गरेर हामीले अगाडि बढ्नुपर्छ बर्तमान अवस्था के छ त हामीसँग अहिले साच्चिकै भन्नुपर्दा अहिले बिश्व कोरोना महामारीको कारणले पिडित छ त्यसकारण अहिलेको अवस्थाको हामीले मुल्याङ्कन गरेर ठोस उठाउन हामीले जरुरी छ र त्यसकारणले यो कोरोना महामारीको नीयन्त्रण रोकथाम र यसबाट सिर्जित समस्याको समाधान गर्नमा मात्रै हाम्रो अहिलेको बजेट केन्द्रित हुनुपर्छ नीति तथा कार्यक्रम हुनुपर्छ भन्ने मेरो

अनुरोध छ किनभने यसले ठुलो भयाभह स्थिति सिर्जना गर्न सक्छ जब जनताको जिउज्यान नै रहेन भने हामी सँग जनता नै रहेन भने यो सरकारको कुनै औचित्य नै रहेन त्यसकारणले जुन प्रवासि नेपाली दाजुभाइहरु घर भित्रिरहेका छन तिनीहरुलाइ घर फर्काउने कति खर्च लाग्छ तिनीहरुलाइ क्वारेन्टाइनको व्यवस्था गर्ने तिनको स्वास्थ्य परीक्षण गर्ने सवै सुदुरपश्चिम बासिहरुको स्वास्थ्य परीक्षण गर्ने देखि लीएर स्वास्थ्य उपचारका कुराहरु हामीले अगाडि बढाउनुपर्छ र साथै कोरोनाभाइरसबाट प्रभावित भएको कुराहरु केके छन त्यसमा केके कुराहरुमा असर पर्दै छ भोली हामीले देशसमा भोकमरीको समस्या हुन सक्छ बेरोजगारीको समस्या आउदै छ त्यसका साथसाथै उद्योगधन्दाहरु ठप्प भैसकेका छन अब देशको अर्थतन्त्र यकदम धराशयि हुने वाला छ त्यसकारणले कोरोना भाइरसबाट भएको यि समस्याहरुको नीदान कसरी गर्ने यस तर्फ बजेट केन्द्रित हुनुपर्छ सरकारको कार्यक्रम प्रमुख उद्देश्य यसमै हुनुपर्छ भन्ने म सुझाब दिन चाहान्छु सरकारको किनभने हामीले बिगतमा धेरै सुझाबहरु दियौ मैले त अर्थमन्त्रिको कारकक्षामै दियको छु कि शुरुमै तराइका जिल्लाहरु हाम्रो उर्वर भुमि हो यसले पहाडका ७ जिल्लाहरु भरण पोषण गर्न सक्छौ यो भुमिलाइ हामीले व्यवस्थित गर्न सक्नु पर्छ यक घर यक कृषि को मिटर ल्याउनुपर्यो भनेर भन्दा अर्थ मन्त्रिजि ले भन्नुभयो म यो संघिय सँग पर्याप्त मात्रामा मगाइदिन्छु त्यसपछि त यहा समस्या रहदैन अहिले ५ बर्ष भन्दा बिगत पहिले कृषि मिटरमा प्रतिबन्ध थियो तर अहिले कृषि मिटर दिइराख्या छ तर समस्या कहा छ भने कि किसानहरुले कृषि मिटर पायर मात्रै भयन बिद्युतले लोड नै धान्ने गरेको छैन ट्रान्सफर्मर नभयर बिद्युत को मोटर नै चलीरहेको छैन अहिले हजारौ बिघा जमिन बाजो छ जनताहरुले नत्र चैते धानको उत्पादन गर्ने थिय खाली बर्षामा मात्रै धान उत्पादन गर्नुपर्ने अवस्था छ खाद्यान्नको नाउमा नुन बाहेक सारा उत्पादन गर्न सक्ने हाम्रो किसानसँग क्षमता छ हामीले बिदेशमा बसेर ईन्डियाबाट हामीले खाद्यान्न आपुर्ति गर्नुपर्ने अवस्था छ साग तरकारी बिषादि आक्रमण गर्ने अवस्था छ हामीसँग त्यस्तो बिषादि क्षमता छ हामीसबै उत्पाददन गर्न सक्छौ नुन बाहेक त्यसकारणले आज आत्मनीर्भर बनाउनुपर्ने थियो हामीले आत्मानीर्भर बनाउन तिर लागेनौ आज त्यो समस्या हामीसँग आइराखेको छ आज सुदुरपश्चिममा जब यि नेपालीहरु हाम्रा प्रवासिहरु दाजुभाइहरु दिदिबहिनीहरु घर भित्रि सकेका छन यिनीहरुले हाम्रो प्रदेशले मात्रै उत्पादन गरेको खाद्यान्नले आपुर्ति हुन सक्छ र यिनीहरुलाइ रोजगारी दिने कसरी अब रोजगारी बेरोजगारीको समस्या बढ्ने हो यिनलाइ रोजगारी दिन अबसरको लागि पनी रोजगारीसँग सम्बन्धित योजनाहरुले हामी अगाडि बढाउनुपर्छ यो बजेटमा हामीले रोजगारी कसरी सिर्जना गर्ने कृषिसँग अब हामीसँग धेरै उद्योगधन्दाहरु छैन ठुल्ठुला फ्याक्ट्रिहरु स्थापना गर्न सक्छौ भन्नु पनी गाह्रो छ त्यसैले हामीसँग यउटा मात्र बैकल्पिक साधन छ त्योभनेको कृषि हो कृषि उपजलाइ बडाहा दिनका लागि कृषि मै हामीले रोजगारको समस्या हामी समाधान गर्न सक्छौ त्यसकारण त्यसमा अत्यधिक बजेको व्यवस्था गर्नु पर्छ भन्ने म यहा अनुरोध गर्न चाहान्छु र साथै यसबाट प्रभावित भएको उद्योगधन्दाहरु ठप्प छन आज कृषि बिकास केरे यो बिभिन्न

बैंकको ब्याज तिर्न  सकिरहेको छैन बैंकले ब्याज आफ्नो मिनाहा गर्ने क्रममा पनी हिम्मत गर्न सकिरहेको छैन हामी यो सरकार जनताको गार्जेन हो त्यकारणले यसतर्फ पनी हाम्रो सरकारको ध्यानाकर्षण हुन जरुरी छ कि बैंकको ब्याज लकडाउनको अवधिसम्म जुन बैंकको ब्याज आयको छ त्यसलाई कसरी मिनाहा गर्न लगाउने किनभने हिजो सम्म हामीले यो मुलुकमा आमलचयनको ब्यवस्था थियो तबसम्म यिनै जनताले यिनै उद्योग व्यवसायले गरेको नीक्षेप संकलनबाट आर्थिक अवस्था सदृढ भएको थियो भने आज बिषम परीस्थितिमा यस्तो संकटको अवस्थामा यिनीहरुले आफ्ना ग्राहकहरुलाइ यो ब्याज छुटको  व्यवस्था लागु गर्ने कि नगर्ने यिनीहरुले हिम्मत गर्ने कि नगर्ने यो रणननीति  पनी सरकारले यो बजेटको नीतितथा कार्यक्रममा समाबेश भयरे आउनुपर्छ भन्ने म अनुरोध गर्न चाहान्छु साथै  कर छुटको ब्यवस्था पनी सरकारले व्यवस्था गर्नुपर्छ कर छुटको अवस्था पनी ल्याउनुपर्छ अहिले  घर पेट खानुपर्ने अवस्था छ भने देखि हामीले उनीहरुले जनताले कसरी कर तिर्न सक्छन त्यसकारण यतातिर पनी यो पनी सरकारले लागु गर्न पर्छ भन्ने म यहा माननीय सभामुख महोदय, मार्फत अनुरोध गर्न चाहान्छु र बिगतमा हामीले जुन योजनाहरुमा बजेट बिनीयोजन गर्यौं प्रत्येक स्थानीय तहमा  हामीले कोल्डस्टोरको व्यवस्था राइसच्याम्बरको स्थापना कर्टमा टेन्डरको स्थापना देखि लीएर प्रदेस परीमाण कुराहरुमा हामीले थुप्रै बजेटहरु बिनीयोजन गरेका छौ कहा कहा तिनीहरु नीर्माण भय चलेका छन कि छैनन यदि होइन भने तिनीहरुलाइ पनी रकमान्तर गरेर यो कोरोना भाइरसको काममा यो नीयन्त्रणको काममा रकमान्तर गर्नुपर्छ यो बजेटमा यो कुराहरु आउनु पर्छ नीतितथा कार्यक्रममा आउनुपर्छ भन्ने कुरा म यहा नीवेदन गर्न चाहान्छु माननीय सभामुख महोदय, त्यसकारणले अब कि सबै कुराहरुको समाधान हुन्छ हाम्रो देशमा हाम्रो प्रदेशमा हाम्रो मुलुकमा जब आमलचयनको व्यवस्था हुन्छ कि हामी घर नी बनाउन सक्छौ बैंकहरुले ब्येज पनी दिन सक्छन र हामी सम्पन्न तिर आफै जाने छौ र अब यसकारणले यो भौतिक पुर्वाधारका हामीले कसरी ज्यान जोगाउने प्रदेसका जनताहरुको कसरी ज्यान जगाउने कसरी पुरुस्कृत गर्ने भन्ने तिर ध्यान केन्द्रित गरेर बजेट अगाडि बढाउनुपर्छ हुनत हामीले यस्ता सुजाबहरु बिगतमा हामीले बजेटका कुराहरुमा सुझाब दियौ तर सरकारले चाहि सुनेन सरकारले अनसुन गर्यो त्यसकारणले अब सरकार सचियर जानुपर्छ यो बार्षिक कार्यक्रममा नीति तथा कार्यक्रममा यउटा चाहि सरकारले यो यउटा बुदा थप्नै पर्छ अहिलेसम्म हामी गल्ति गर्यौं हामीले अहिलेसम्म जनताका समास्याहरुलाइ आभार गरेनौ कानमा तेल हालेर सुतिराख्यौ अब आइन्दा देखि हामी सुध्रिने छौ हामीले सद्सयहरुले भनेका कुराहरुलाइ हामी मान्ने छौ यसमा हामी कटिबद्द छौ यसमा हामीले यसमा चेतना भयो भनेर राखेर अब नीतितथा कार्यक्रम आउनुपर्छ भन्ने आफ्नो भनाइ राख्दै यो बिकोन्त भएको जुन हाम्रो डडेल्धुराको नीर्मला बोहरा कृष्ण प्रसाद भुसाल गौरीगंगाका र यो रुकुम पश्चिमको घटना म घटनाको बारेमा यकदम न्यायोचित तरीकाले छानबिन गरेर दोषिमाथि कडा कारबाहि हुनुपर्छ किनभने हामी हाम्रो बोल्ने थलो बनेको यहि संसद हो र यो सभाले यसको बारेमा बोलेको छ सरकारले यसको बारेमा संघिय

सरकारलाइ अनुरोध गर्ने देखि लीएर सबै काम गर्नु पर्छ भन्दै जुन यो कालापानी लीपुलेक र लीम्पियाधुराको बारेमा संघिय सरकारले जुन नक्सा परीमार्जन गरेर ल्याको छ म संघिय सरकारलाइ धन्यवाद दिदै म यो अधिवेशनको इनी सफलताको कामना गर्दै आफ्ना भनाइ यहि राख्न चाहान्छुधन्यवाद

**माननीय अर्चना गहतराज**

माननीय सभामुख महोदय, कोरना भाइरसले ज्यान गुमाउने हाम्रा स्वास्थ्यकर्मि, सुरक्षाकर्मि जनताहरुमा श्रद्धाञ्जली अर्पण दर्न चाहान्छु । माननीय सभामुख महोदय, २१औं शताब्दिमा पुग्दा पनी हाम्रो समाज हामी कहा रुमलिएका छौ । जातिय बिभेद दलित भएकै कारण मरीनुपर्ने हामीले बनाएको कानुन कहा गयो के कागजमा मात्रै सिमित हो होइन भने ब्यवहारमा लागु कहिले हुन्छ आज रुकुमको घटना ले अमानवीय, दण्डनीय घटना भएको छ माननीय सभामुख महोदय, पिडितलाइ न्याय दोषिलाइ कडाभन्दा कडा कानुनको कट्घेरामा ल्याउन पर्छ माननीय सभामुख महोदय, मार्फत प्रदेश सरकार र संघिय सरकारको ध्यानाकर्षण गराउन चाहान्छु माननीय सभामुख महोदय, लीम्पियाधुरा, लीपुलेक, कालापानीलाइ नेपाल सरकारले हाम्रो भूमि भनी नक्सा जारी गरेकोमा नेपाल सरकारलाई धन्यवाद दिन चाहान्छु माननीय सभामुख महोदय, सबै बक्ता माननीय ज्युहरुले भनी सक्नु भएको छ मैले प्रदेश सरकालाइ सुझाबको रुपमा दिन चाहान्छु आर्थिक बर्ष ०७७/०७८ को सिदान्त उद्देश्य र प्रमुख नीतिमा छलफल गरीरहदा नौलो कुरा त केहि आको छैन त्यहि जे जस्तो भय पनी कार्यान्वयन भै व्यवहारमा छिटो लागु होस मेरो शुभकामना माननीय सभामुख महोदय,, कोभिष १९ कोरोना भाइरसले बिश्व भरी नै यकखालको त्रा फैलायको छ संघिय सरकार प्रदेश सरकार स्थानीय सरकारको का धमा ठुलोयउटा जिम्मेवारी थपियको छ अहिलेको बिषम पिस्थितिमा आफु बच्ने दर जनतालाइ कसरी ब चाउने ठोस कदम चाल्न प्रदेश सरकारले जरुरी छ माननीय सभामुख महोदय, बैदेशिक रोजगारमा गयर छिमेकि मुलुक भारतमा काम को शिलशिलामा गयका हाम्रा युवाहरुलाइ सुरक्षितँग आफ्नो जन्म भुमिमा ल्यायरर उनीहरुको सुरक्षा गर्न माननीय सभामुख महोदय, मार्फत प्रदेश सरकारलाइ ध्यानाकर्षण गराउन चाहान्छु माननीय सभामुख महोदय, लकडाउनको कारणलेबेरोजगार भयर बसेका युवाहरुलाइ अब आउने दिनहरुमा यक घर यक रोजगार दिने कार्यक्रमको सिर्जना ग्रनुपर्छ माननीय सभामुख महोदय, युवा अहिले बेरोजगार भयर बसिरहेका छुन उनीहरुलाइ रोजिरोटि सम्म पनी जुटाउन मुस्किल परीरहेको छ यस्तो परीस्थितिमा प्रदेश सरकारले युवाहरुलाप व्यापार व्यसायमा जोड दिन नेपाल सरकारले मान्यता प्राप्त गरेका बैंकहरु द्वारा उनीहरुलाइ सर्बशुलभ ब्याजदर ऋण दिने वातावरण मिलवस माननीय सभामुख महोदय, प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहान्छु माननीय सभामुख महोदय, गरीबको रेखामुनी बसेका हाम्रा जनताहरुलाइ बिकासको नीति गनाउन सरकारको ध्यानाकर्षण गराउन चाहान्छु माननीय सभामुख महोदय, बिभिन्न बिपन्न गरीव असाह्यहरुलाइ उद्यशिलताको लागि अनुदान वा सहुलीयत ब्याजदरमा ऋण उपलब्ध गराउन गर्ने

व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउन चाहान्छु माननीय सभामुख महोदय, अहिले हाम्रा युवा बैदेशिक रोजगार गुमायर फर्कने क्रम तिब्र गतिमा बढिरहेको छ उनीहरुलाइ आत्मानीर्भर बनाउन कृषि उत्पादन क्षेत्रमा जोड दिन अति आवश्यक रहेको छ कृषकहरुलाइ समयमा बिउबिजन  कृषि सम्बन्धि आधुनीक मसिनप्रभावकारी मेसिन औजार नालीबालीको लागि  मोटो परीक्षण बाजे जग्गा सरकारले नीयतमा ल्याइ  उत्पादन र क्षेत्रमा बढाउन अति आवश्यक छ माननीय सभामुख महोदय, यतिले मात्र पुग्दैन हमारो गाउठाउमा कच्चा पदार्थ थुप्रै छन साना उद्योग घरेलु उद्योग लघुउद्योगलाइ स्थापना गरी सञ्चालन गर्न जरुरी छ माननीय सभामुख महोदय, असहाय अनाथ बालबालीका आवासको व्यवस्था गरनुका साथै उनीहरुको सिक्षा स्वास्थ्यामा अनीवार्य ग्यारेन्टि गर्न पर्ने देखिन्छ माननीय सभामुख महोदय, प्रदेश सरकारलाइ ध्यानाकर्षण गराउन चाहान्छु माननीय सभामुख महोदय,हामीले के गर्यौ भन्दा पनी अब क गर्ने कसरी जाने गम्भिर भयर सोच्नुपर्छ गत बर्ष प्रदेश सरकारले  धेरै राम्रा कार्यक्रमहरु नीर्णय गरेको थियो तर किन हुन सकेन कसरी हुन सकेन त्यो  सरकारले आफै जवाफ दिनुपर्छ माननीय सभामुख महोदय, स्वरोजगार बिधेयक पास गरेका थियौ समयमै कार्यान्वयन हुन सकेन किन त्यसगरी मुख्य मन्त्रि कार्यक्रम त्यसैगरी यक स्थानीय तहमा ५० लाख बैसि गाइ पाल्ने कार्यक्रम त्यसै गरी बाधि राउटै हउलीया मक्तक हरुलाइ सधा यकिकृत बस्तिको आवासको दिने कार्यक्रम त्यसै गरी यक नीर्वाचन क्षेत्रमा यक उद्योग त्यसैगरी सामाजिक बिकास मन्त्रालय मार्फत सामुदायिक बिद्यालय बाट पढेका बिद्यार्थिहरुलाइ यमबिबियस डक्टर हाम्रो लक्ष्य त्यसैगरी स्वास्थ्य कर्मि स्वयमसेवक भर्ना यस्ता महत्वपुर्न काम का हरु समयमा नहुदा ठुलो घाटा ब्यहोर्नु परेको छ र माननीय सभामुख महोदय, प्रदेश सरकार छ कि छैन प्रदेश सरकारको  अनुभृति जनताले पाउन सकेका छैनन यस्तो ढिलाइ सुस्तिको कारणले माननीय सभामुख महोदय, नेपाल सरकारले गरेको बन्दाबन्दि लकडाउनको आम जनताले नीयम पालना त गरे तर बिहान कमायर साज चुलो बाल्ने मजदुरहरुले मध्यबर्ग हरुलाइ कामकाज बन्द भएको अवस्थामा भोकभोकै मर्नुपर्ने बाध्यताले गर्दा पनी आत्माहत्या गर्नेको पनी कमि छैन माननीय सभामुख महोदय, प्रदेश सरकारलाइ अनुरोध गर्न चाहान्छु बन्दाबन्दि भएको आज ६८ दिन पुरा भैसकेको छ जनजिवन अस्तव्यस्त भएको छ माननीय सभामुख महोदय, दियको राहत यतिका दिन सम्म पुग्न सक्दैन त्यशैले भन्ने गर्छन महलमा बस्ने हरुले थाहा हुदैन झुपडिमा बस्नेको पिडा त्यसैले भन्ने गर्छन खायको पेटले थाहा हुदैन भोको पेटको ब्यथा माननीय सभामुख महोदय, लकडाउन कहिले सम्म गरीन्च  थाहा छैन मजदुरहरुलाइ अनी अन्न पानी अनी खाने व्यवस्था गर्नुपर्च र क्वारेन्टाइनमा राखेका मान्छेहरुलाइ भेडाबाख्रा  हुलेर राखेजस्तो राख्नुहुदैन भनी माननीय सभामुख महोदय, मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहान्छु अहिले महामारीको समयले गर्दा कृषि स्वास्थ्यमा केन्द्रित भयर बजेट ल्याउन पनी माननीय सभामुख महोदय, मार्फत प्रदेश सभालाइ अनुरोध दगर्दछु माननीय सभामुख महोदय, छाउपडि जसरी प्रदेश सरकारले छाउपडि प्रथा मुक्त अभियान चलायो त्यसरी नै यो छुवाछुत मुक्त समाज नीर्माण गर्नाकाली कार्यक्रम  यो बर्षका

लागि बजेट छुटयाउनुपर्छ भन्दै माननीय सभामुख महोदय, प्रदेश सरकारलाई ध्यानाकर्षण गराउछु र मेरा भनाइ यहि राख्छु । धन्यवाद

माननीय प्रेम प्रकाश भट्ट

माननीय सभामुख महोदय, सर्वप्रथम त यो हाम्रो छैटौ अधिवेशन तथा चौथो बजेट निर्माण गर्न गैरहेका छौ । यस अधिवेशनले सुदुरपश्चिमका जनता यो भित्र त्यसको प्रतिनीधित्व गर्ने सम्पुर्ण सभासद, बिद्यायक तथा सांसदहरुको अनुहारमा खुसि ल्यावस भन्ने म सर्बप्रथम यो शुभकामना दिन चाहान्छु र यो हामी १३औ गणतन्त्र दिवसको उपलक्ष्यमा पनीम शुभकामना दिन चाहान्छु गणतन्त्र प्रासिका लागि लड्ने हुने ति महान सहिदप्रति श्रदासुमन ब्यक्त गर्न चाहान्छु र घाइते अपाङ्ग गणतन्त्रका लागि लामबद्द हुने ति योद्धा तथा जनसमुदायका लागि श्रदासुमन ब्यक्त गर्न चाहान्छु यति बेला मानव जाति माथि आइलागेको महाशंकट कोभिड को कारणले मृत्युबरण गर्नु हुने र त्यसशिलशिलामा क्वारेन्टाइनको व्यवस्थापनको शिलशिलामा मृत्यु बरण गर्ने कल्लु रानालगायत बिश्व भरीका आम मृतकहरु प्रति श्रदासुमन ब्यक्तगर्दछु शोकसन्तप्त परीवार प्रति गहिरो समबेदना प्रकट गर्दछु साथै संक्रमितहरुको स्वास्थ्य लाभको कामना गर्दछु र साथै यउटा दुखद घटना पश्चिम रुकुमा घटेको अमानविय घटना प्रति खेद प्रकट गर्दै दोषिमाथि कडा कारबाहिको माग गर्दछु अहिले सम्म हाम्रो देशको भुभाग हाम्रो देशको राजनीतिक नक्सा भित्र जो थियन शो भुभाग राजनीतिक नक्सा भित्र राखि राजनीतिक हिसाबमा देशलाइ यकताबद्धद र गोलबन्द बनायको संघिय सरकार प्रति हार्दिक धन्यवाद ब्यक्त गर्दछु माननीय सभामुख महोदय,हामी यकातिर कोभिड १९ का बिरुद्ध लडिराखेका छौ भने अर्को तिर राष्ट्रियताको लडाइ पनी लडिराखेका छौ हामी त्यो लडाइमा अहिले बिश्व भरी रहेको यो मानव जाति माथिको शंकट पैदा भएको अवस्था हो यतिबेला सबेले आफैले आफैलाइ सम्हाल्नु पर्नेअवस्था भएको छ र सम्हालीनु पर्ने अवस्था भएको छ र सवै आफ्नो ठाउमा जिम्मेवार लीनुपर्ने अवस्था हो रजनतासमस्यामा छन आक्रोशित छन भोका छन नाङ्गा छन र कतिलाइ आफ्नो देशमा फर्किन पायका छैनन् र बेरोजगार भयर बसेका छन र कतिपय हामीले सुनेका छौ बैङ्गलोरमा बाट मुम्बैवाट हिटेर १०-१२ दिन लगायर यहा पुगेका छन त्यहि कारणले गर्दा खेरी जनताहरु आक्रोशित छन त्यो आक्रोश लाइ कसरीहामीले साम्य पार्ने त्यसलाइ कसरीहामीले आक्रोसलाइ व्यवस्थापन गर्ने भन्ने कुरा यो सम्पुर्ण जनप्रतिनीधिर सरकारको यो जिम्मेवारी हुन आउछ त्यसैले गर्दा खेरी ति रोजगारी गुमेका जनताहरु हाम्रो गाउगाउमा छन र हाम्रो गाउमा भोका पेटहरु पनी थपियका छन र यसका लागि पनी हामीले अबको रोजगारको पाटो कस्तो हुने भन्ने यउटा हामीले बजेटको बारेमा पुर्ब बजेटको बारेमा छलफल गरीराखेका छौ र यो छलफलमा जुन हाम्रो माननीय आन्तरीक आर्थिक मामिला तथा योजना मन्त्रि जि ले यो ल्यौउनु भएको छ र यो ५९ वटा बुदा यि सबै बुदा हेर्दाखेरी यो भित्र सबै कुराहरु समेटियको छ कोभिड १९ का थुप्रै कुराहरु यसमा यउटा केन्द्रित भयर बजेटमा छलफल भैराखेको छ जस्तो लाग्छ र यसका साथै यसमा सबभन्दा ठुलो प्रश्न भनेको

यसको कार्यान्वयनमा हो यसपाली हाम्रो कार्यान्वयनको लागि हेर्दा खेरी यो कोभिड १९ ले अली प्रभाव पार्यो कि भन्ने लाग्छ तर त्यो होइन अहिले पनी हामीले यो असोज कार्तिक मा सम्झौता गरीसक्नुपर्ने योजना अहिलेसम्म पनी सम्झौता हुन नसकेको अवस्था छ त्यसैले यो सबभन्दा ठुलो प्रश्न भनेको कार्यान्वयनको प्रश्न हो कर्मचारीको समस्या हो प्रत्येक कार्यालयमा जादाखेरी कर्मचारीको छैन भन्छन अहिले यो चौथो बजेट कसैले सवा तिन भने पनी कर्मचारी व्यवस्थापन ०७४/०७५, ०७५/०६७, ०६७/७७, ०७७/०७८ यो चौथो बजेट हो यो चौथो बजेटसम्म आउदा खेरी पनी हामी अजसम्म पनी कर्मचारीको अभाव भनीराखेका छौ यसैले म लोकसेवा आयोग अथवा प्रदेश लोकसेवा आयोग जे बनाउदा खेरी पनी हामीलाइ संघियसरकारले पनी त्यो ऐनले पनी लोकसेवा खोल भनेर अधिकार नदिदा सम्म हामीले लोकसेवा खोल्न पाउदैनौ त्यसैले म माननीय सभामुख महोदय, मार्फत केन्द्रिय सरकार र प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहान्छु जो प्रदेश सरकारलाइ दिनुपर्ने अधिकारहरु हुन संबिधानमा लेखेका अधिकारहरु हुन त्यो बारेमा ४ बर्ष हुदाखेरी पनी केन्द्रिय सरकार पनी ४ बर्ष भयो त्यो चौथो बजेट उसले पनी ल्याउदै छ र त्यसैले गर्दा खेरी त्यो हुदासम्म पनी हामीलाइ ऐनको व्यवस्था अहिले सम्म नगर्दाखेरी प्रदेश सरकारका मन्त्रिहरु छन हाम्रो जसरी आन्तरीक मामिला मन्त्रि हुनुहुन्छ उह बिना सिपाहिको जर्नल हुनुहुन्छ उहाले यउटा डियसपिलाइ सरुवा गर्न सक्नुहुन्न सरुवा गर्न सक्नुहुन्न भनेपछि उहाको मातहतमा केहि राखेको छैन त्यसैले गर्दा खेरी सरकारलाइ भएको अधिकार पनी कसरी ल्याउने भन्ने म सरकारको ध्यानाकर्षण गर्न चाहान्छु त्यसका साथसाथै नीति र सिद्धान्त आफैमा हुदैनन् र जति पनी नीति र सिद्धान्त छन ति सबै अहिलेसम्म का हम्रा सबै ठिक छन तर यसलाइ कार्यान्वयनको पाटोमा हामीले कसरी गरेका छौ कसरी गर्न सकेका छौ भन्ने कुरा महत्वपुर्न हो र हामीलाइ अब यो कर्मचारी तन्त्रलाइ कसरीहामीले सुधार्ने कर्माचिहरुले हामीलाइ मन्त्रीहरु भन्नु हुन्छ कर्मचारीले साथ दियन अनी कर्मचारी भन्नु हुन्छ हामीलाइ तपाइ कर्मचारी पुगाउनुभाछैन अब यो के हुन्छ अबको यो अर्थबिधेयक अर्थ अबको बजेटमाके व्यवस्था गर्नुपर्छ भने आवश्यक कर्मचारीहरु कति छन प्रत्येक मन्त्रालयबाट मागेर सवेलाइ करार व्यवस्था गरेर कर्मचारीको अभाव नहोस भन्ने तिर त्यो जान पर्छ र अबको हाम्रो आर्थिक बर्षको बजेटमा हामीले कर्मचारी नभयर हामीले कार्यान्वयन गर्न सकेनौ भन्ने त्यो गयो भने देखि हाम्रो असमक्षता देखिन्छ र अर्को कुरा यहा जति पनी हाम्रा कार्यक्रम आयका छन र महत्वपुर्ण कार्यक्रम हामीले के गर्यौ भन्ने जरुरी छ सरकारले यकचोटि समिक्षा गर्न जरुरी छ र ति समिक्षा के कुरा गरोस भने हामीले अब यो आत्मानीर्भर सुदुरपश्चिम बनाउनका लागि हाम्रो योजना के हो हामीले कति बिद्युतका योजनाहरु गर्यौ हामीलाइ त सरकारले अब अनुदान कति देला अबका पछिल्ला दिनमा त हामीले आत्मानीर्भर हुने खालका बिद्युतले कति आम्दानी गर्ने अन्य कृषिबाट कति आम्दानी गर्ने बनपैदावार बाट कति आम्दानी गर्ने कलकारखानाबाट कति आम्दानी गर्ने कति राजस्व उठाउने भन्ने यो बिषयका योजनाहरु हामीले बनाउन सक्यौ कि सकेनौ यहि प्रश्न भोली हाम्रा सामन्यमा आउछन

भोली पछाडि बुज्ने पछाडिको आउने सरकारका हामीले केसुम्पिन्छौ के सरकारले हामीले के बुज्छौ त्यो भएको कारणले सरकारले आत्मननीर्भर बनाउने खालका योजना हामीसँग कुनै पनी भयनन् जस्तो लाग्छ र हामीले ड्रिम पलान भनेर सोचेका राजधानी बनाउने भन्ने बारेमा त्यहा नाप नक्सा लागेको छैन त्यहा बोर्ड लागेको छैन अहिलेसम्म त्यो भएको लगभग यक डेढ बर्ष हुन थालीसक्यो त्यसको बारेमा डिपिआर भको छैन त्यसको बारेमा हाम्रो प्रदेशमा यउटा दल बनाउनुपर्यो कर्मचारीक अथवा कसको हुन्छ त्यहा संघिय सरकारको कार्यान्वयन गराउनका लागि नीर्णय त्यसको जमिनसम्म अगाडि बढाउन पर्थ्यो कमसेकम त्यहा गरीराखेको छ भन्ने धामधुमका साथ लागिराखेको हुनुपर्थ्यो हाम्रो कार्यकालमा त्यो प्रदेश राजधानी बन्दैन र हाम्रो कार्याकालमा हामीले थुप्रै जो ड्रिम पलान भनेर बनायका छौ हामीले लोयर चमेलीया भनेर बनाउने भनेर सरकारले नीर्णय गरेको थियो त्यो नीजि कम्पनीमा कसरी गयो र ति अधिकारहरु हामीबाट कसरी खोसिय लोयर चमेलीया सरकारको नीर्णय हो त्यो अरु कुनै कम्पनीलाइ केन्द्रको सरकारले कसरी दियो २० मेघावाटसम्म त त्याहा दिने भन्ने बाडफाँडको त्यो हाम्रो समितिले नीर्णय गरेको छ त्यसैले ति कुराहरुमा पनी हामीले यउटा खालको सतर्क हुनुपर्छ रअहिले खासगरेर जो पिसिआर चेक गर्ने कुराहरु किटहरु छैनन र मेरै जिल्लामा अहिलेको लेटेष्ट ४१७२ अहिले त्याहा क्वारेन्टाइनमा बसेका छन तिनीहरुको लागि किट भनेको २०० मात्र त्यहा जिल्ला अस्पतालमा छ अब तिनलाइ हामीले १४ दिन हुदै छ कसरी पठाउने त्यसकारणले अब हामीले किटको कसरी ब्यवस्था गर्न सकिन्छ कमसेकम आरडिटि किट परीपक्व नभय पनी त्यसले केहि त देखाउछ त्यसैले तिनलाइ यउटा चेकजाँजका लागि आरडिटि किट कसरी मगाउन सकिन्छ त्यो गर्नुपर्यो र यसका साथसाथै प्रदेश सरकारले केहि गरेको छैन भन्ने मा छैन प्रदेश सरकारले पहिलो ४० करोडको कोभिड १९ का लाग यउटा कोष स्थापना ग्रयो प्रत्येक ठाउमा कसरी कार्यान्वयन भयो भन्ने प्रश्न त्यहाको यउटा जुन कमिटि बनेको छ त्यसको रीपोर्ट ल्याउला तर राहत प्याकेज दियको छ प्रत्येक पालीकामा क्वारेन्टाइन व्यवस्थापन भनेर ३ लाख ४ लाख र ५ लाख गरेको छ र अहिले पनी नाकामा हामीले मैले सुनेको र हाम्रो सचेतकले हामीलाइ भने अनुसार बसको भाडा आन्तरीक मामिला मन्त्रिले भनेको यक तर्फको प्रदेस सरकारले दिन्छ र अर्को तर्फको भाडा पालीकाबाट लीनु भन्ने खालको व्यवस्था गरेका छौ भन्ने खालको व्यवस्था गरेकोछ त्यशैले गर्दा खेरी नाकामा अझै पनी हामीले हेल्तडेष्क प्रदेश सरकार भनेर यो राहत बाड्दाखेरी पनीप्रदेश सरकारको तर्फबाट रात भन्ने त्यो कट्टाहरुमा लेखेर दियको भय अझै राम्रो हुन्थ्यो त्यो दिन सकेनौ त्यले प्रचार हुन सकेन र कुहियका चामल भन्ने छ जुन पालीकाले त्यो कुहियका चामल बाडेको छ त्यलाइ कारबाहिको उसमा ल्यायर त्यसको यउटा असुल उपर गराउनुपर्छ त्यसो भएको ठाउमा त्यो रकम जो हिनामिना भएको छ १६ करोड रुपिया गयको छ त्यसलाइ हामीले कारबाहिको शिलशिलामा ल्यायर अगाडि बढ्नपर्छ भन्ने लाग्छ र यो अर्थ बिधेयक छ यो अर्थ बिधेयक को पक्षमा यसको समर्थन गर्दै बिदा हुन्छु । हवस अभिवादन

**माननीय उमा कुमारी वादी**

माननीय सभामुख महोदय, आज छेटौ बर्षे अधिवेशनको शुभकामना ब्यक्त गर्छु सुन्दै छु । हाम्रो देशमा छुवाछुत हाम्रो देशमा अन्त भयो भनेर संबिधानमा लेखिसक्या कुरा फेरी पनी दलित समुदायलाइ पिडा पर्यो जाजरकोटमा भएको घटनाको घोर नीन्दा गर्छु यउटा दलीत पनी यो देशमा यो मुलकमा बाच्न पाउने अधिकार छ कि छैन त्यसपछि आयर नीति र सिद्धान्तको कुरा गर्ने मलाइ मन लाग्यो साच्चिकै गरेर कागलाइ बेल पाक्यो हर्ष न बिस्मात फेरी पनी त हो लानी किन यो भन्दा अगाडिको ०७४/०७५ त्यहि भयो ०७५/०७६ मा पनी त्यहि भयो अहिले ०७७ मा हुदैन भन्ने ग्यारेन्टि के त प्रदेश सरकाले हामीलाइ ग्यारेन्टि दिन सक्छ साच्चिकै गरेर यो लज्जास्पद कुरा हो पछाडिका माननीय हरुले बोल्ने अगाडिका माननीय मन्त्रिहरुको खल्ति भरीने अब सायद अलीकति लाज पनी मान्नुस हामीले होइन जनताले बोलेको कुरा हामीले बोल्छौ भोली फर्केर तपाइहरु त्यहि जनतासँग त गयर भोट मागिन्छ होला नी तपाइहरुले पानी दिनका लागि हामीलाइ घण्टौ नाकामा उभ्याउने फेरी पनी तपाइलाइ दुइतिहाइको सरकार बनाउम जवाफ के छ तयार भयर बस्नुस अर्को कुरा म भन्छु साच्चिकै गरेर हामी के सौताका छोराछोरी हौ र ३ करोड पाउने माननीयहरुका सिङ उम्रया छन को खै हेरौ न त ३ करोड पाउने माननीयहरुले पनी त्यहि मत लीएर आयका होलान मत त त्यहि होला भोट त त्यहि होला दिने जनता पनी त्यहि होलान अनी ३ करोडको सँगसँगै के भन्छन मह काट्ने मान्छेले हात चाट्छ अगाडि बस्ने माननीयहरुले अझै थपथाप डल्लोवाट फुटफाट होला अनी हामी समानुपातिक माननीयले के पाउछ फड्के साचिका रुपमा सहयोग गर्ने हिड्ने तर सोच्नुहोस बुज्नुहोस प्रदेश सरकारले यो कुरा गरोस के भन्छन हाम्रो त्यो दाङ सल्यान तिर नपोल्ने फाडाले ओठ पोल्छ हामीले समानुपातिकका जगमा उभियर तपाइहरु आज माननीय मन्त्रि हुनुभाछ करडौकरोड योजनाहरु बाड्नु छ तपाइले बाडेका योजनाहरु तपाइकै दुस्मनन भयर भोली खडा हुनेछन बिचार गर्नुस अब अर्को कुरा साच्चिकै गरेर फेरी पनी मलाइ भन्न मन लाग्यो हामी भारत नगयका कति जना नेपाली छम हात उठाम त हामी सबै गयका छम किन त्यो पिडा बिर्सेका छम हामीले हामी त केहि बर्ष केहि महिना केहि दिन भय पनी भारतमा तो पिडा खेपेर आयका छम आनेकौ रुप लगेर त्यो कलम मात्र चलायका छैनौ होला डण्डा पनी ठोकेका छौ होला त्यो पिडा हामीले नबुजे कल्ले बुज्ने दुइतिहाइको सरकारले बुज्नुपर्च त्यो कुरा जनताले फेरी पनी पर्खलास है भन्दै छन तपाइहरुले त्यो दिन ननीम्त्याउनुस हाम्रो आग्रह छ अर्को कुरा मेले त माननीय सभामुख महोदय, मलाइ २ मिनेट समय अलीकति बढि दिनुहोला म पछाडि बस्या छु मैले अलीकति ढिला बोल्या पनी छु र अर्को कुरा यो नीतितथा सिद्धान्त यो भन्दा अगाडि मन्त्रालयमा बोलाइ नास्ताखाइ खाप किन मैले त पाइन है तर यसपाली के भन्छन मत जान्दिन स्पस्ट कुरा यिनीहरुलाइ पठाछ माननीय मन्त्रिहरुले कतिकति मन्त्रि ज्युले पाउनु भाको छ मलाइ थाहा छैन दिने भय पनी समानुपातिकलाइ छैन भन्नुस हामी के साछि बस्छौ खुरुखरु आफ्नि घर जान्छौ काम सिदिन्छ होइन भने दिल खोलेर दिनुस नीयतमा अब

काला बजारी नगर्नुस यो भन्दा अगाडिको जे भयो सो भयो डल्लोबाट राखु भो केके गर्नु भो केके गर्न भो तर अब नगर्नुस मेरो आग्रह छ तपाइहरुलाइ र यो कालापानी लीपुलेक लीम्पियाधुरा यो भुमि हाम्रो हो हामी यो प्रदेशका बासि हौ यसको भुमि हो संघिय सरकारले जुन त्यो नक्सा कोर्यो त्यो बारेमाम धेरै धन्यवाद दिन्छु तर पछि  कोर्यो ठिक छ धिर से आय दुरुस्त आय भन्या जस्तै कोर्यो बनायो हामीधन्यवाद दिन्छौ तर त्यसका लागि यो प्रदेशका माननीय मन्त्रिज्यु हरुले के  गर्ने सोच्नु भा छ  त माननीय सभामुख महोदय, अब त  जोडसँगै जसरी जोडका तोडले हामी ले योजना बजेट लगेका छौ सायद त्यसतै गरी तिनहात अगाडि मन्त्रि जि अगाडि कुद्नुहोस हामी त समानुपातिक पछाडि छदै छौ अब आउदा दिनहरुमा त्यति लोभ चाहि नगर्नुस मेरो समय सिद्दियो साच्चिकै गरेर भोली जनताले तपाइ हामी सबैलाइ राम्रो गर्ला  सबैको लागि देश मात्रै नभयर बिश्वबाटै कोरोनाको अन्त्य होस बिदेशबाट आउने नेपालीहरुलाइ सम्मानजनक व्यहार गरीयोस र समानुपातिकलाइ पनी ३ करोड पाउनेमा अलीकति बिचार गरीयोस भन्दै मेरा दुईशब्द यहि टुङ्ग्याउछु हवस धन्यवाद

**माननीय कुलविर चौधरी**

माननीय सभामुख महोदय, आज हामी २०७७/०७८ को छैटौ अधिवेशन नीति कार्यक्रम तथा सिद्धान्त र आगामि बर्षको बजेटको छलफल कार्यक्रम मा उपस्थित भएको छौ आज यो अधिवेशनको छेटौ अधिवेशनको पाचौ दिन र पाचौ बैठकमा सहभागि छौ यो अधिवेशनमा छलफल गर्नुपर्दा हामी बिगत लामो समय देखि पनी यस्तै किसिमका नीति कार्यक्रममा छलफल गर्दै आयौ र आगामि दिनमा बजेटका बारेमा छलफल गर्दै आयौ र बर्षे अधिवैसनको मा हामी प्रवेश गरेका छौ र यसमा जति पनी छलफल गर्यौं नीति कार्यक्रममा छलफल गर्यौं पहिले पनी त्यहि  नीति कार्यक्रम थिय र अहिले पनी त्यहि नीति कार्यक्रमहरु यहा समावेश गरीयको छ र यसमा नीतिकार्यक्रमहरुमा सम्पुर्ण कुरा हरु समेटियको भयता पनी यसको प्रतिफल माथि समिक्षा गर्नुपर्ने जरुरी देखिन्छ त्यसो भएको हुनाले यसको प्रतिफल हामीले प्राप्त गर्यौं कि गरेनौ भन्ने समिक्षा गर्नु पर्ने आवश्यकता देखिन्छ त्यसो भएको हुनाले माननीय सभामुख महोदय, अहिले हाल बिश्व भरी कोरोना भाइरसले संक्रमित ग्रस्त बनायको छ र यसलाइ हामीकसरी पार गर्ने भन्ने सबैको चिन्ता र चासको बिषय छ धेरै मान्छे यसबाट प्रभावित भयर ज्यान गुमाइ सकेका छन लाखौ जनताहरु संक्रमित छन र हाल यस महामारीबाट बच्नका लागि हाम्रा बिदेशहरुमा गयर हाम्रा रोजगारीका खोजिमा गयका हाम्रा नेपालीहरु फर्केने क्रम जारी छ अहिले हामी बथानका बथान अस्तव्यस्त भयर उहाहरु कुनै न कुनै किसिमको यउटा पशुसमानको व्यवहार गरीरहेको अवस्थामा उहाहरलाइ कोचाकोच गरेर यउटा टिप्पर माथि कोचेर ल्याउने व्यवस्था गरीयको छ तिनीहरुको अमानविय व्यवहार गरीयको छ भन्ने कुरा यहा सवैले देक्न पायका छौ यसो भएको हुनाले उहाहरुको सम्मानको लागि उहाहरुको स्वास्थ्य शिघ्र लाभकालागि हामीले कसरी यस किसिमको व्यवस्था गर्न सकिन्छ भन्ने कुरा सोच्न जरुरी छ त्यसो भएको हुनाले यसमा ज्यान गुमाउनुहुने कोभिड-१९ कोरोना भाइरसको कारणले ज्यान गुमाउनु हुने सम्पुर्ण मृतकहरुमा श्रद्धाञ्जली

अर्पण गर्न चाहान्छु र कोरोना भाइरसबाट संक्रमित हुनु भएको सम्पुर्न महानुभावहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छु र यसै शिलशिलामा हाम्रो नेपालको भूमि लीम्पियाधुरा, लीपुलेक र कालापानी अहिले नेपालको नक्सामा समावेश गरेर सरकारले जुन सार्बजनीक गरेको छ सरकारलाइ म धन्यवाद दिन चाहान्छु यसै बिषयलाइ लीएर अस्ति मात्रै हाम्रो आन्तरिक हाम्रो अर्थ मन्त्रिजीले मन्तब्य दिदाखेरी अलीकति बिबादित भूमि भनेर जुन भन्नु भएको थियो त्यो अली अशोभनीय जस्तो देखिएको छ र खास गरीकन यो जति पनी नीति कार्यक्रमहरु बनाउछौ र अघि हाम्रा माननीयज्यु हरुले पनी धेरै कुरा भनी सक्नु भाको छ कि हामी आगामि दिनहरुमा कुन कार्यक्रम कसरी लैजाने भन्ने कुरा समिक्षा गर्न जरुरी छ । यसमा खासगरीकन जतिखेर बजेट बिनीयोजन हुन्छ त्यतिखेरा कार्यक्रम लागु गर्दा खेरी हामीहरुसँग कर्मचारी हुदैन अख्तियारी जादैन समयमा त्यसको काम सम्पन्न हुदैन त्यसको कार्यान्वयन हुदैन हाल सम्म हामीले भनेका थियौ यसै सदनबाट कि आगामि दिनका यो ०७५/०७६ को बजेट प्रस्तुत गर्दाखेरी आगामि दिनको कार्यक्रमहरु हामी मंसिरदेखि लागु गर्छौं भनेर हामीले धेरै जसोले सुनेका थियो र यहि बाट पनी धेरै जसो माननीय ज्युहरुले भन्नु भएको थियो तर अहिले मंसिर गै सक्यो अर्को मंसिर बेलाभैसक्यो तर ०७६/०७७ को बजेट अहिलेसम्म कार्यान्वयन भयन अख्तियारी गयन सम्झौता भयन सम्झौता गर्दाखेरी के हुन्छ भने पछि हाम्रो अख्तियारी कार्यलयमा गयको छ त्यसपछि पर्यटन इकाइ सम्झौता गर्नका लागि साथिहरुले त्यहा फाइल राख्नु भएको च त्यसपछि त्यहाबाट फर्केर आयर फेरी पर्यटन मन्त्रालयमा जान्छ पर्यटन मन्त्रालयले अब यो भयन उ भयनयहा यशो गर्नु परो उसो गर्नुपरो भनेर भनी राखेको अवस्थामा अब उपभोक्ताले के गर्ने कतिखेर कहा गर्ने कतिखेर के उनीहरुको फाइल १०-१५ दिन पर्यटन इकाइ कार्यालयमा लाग्यो अज पनी त्यो फाइल मन्त्रि कहा फर्केर आउछ भने कतिखेर फर्केर जाने हो कतिखेर त्यसकोकार्यान्वय हुने हो माघ लाग्न शुरु भै सक्यो त्यसकारणले यो लति पनी काम कारबाहि हुन्छ त्यो समयमा हुनुपर्यो र समयमा अख्तियारी जानुपर्यो समयमा सम्पन्न हुनुपर्यो मैले त भन्नुपर्दाखेरी मैले त स्पस्ट आउनुपर्छ भनेपछि अलीकति हाम्रो प्रदेश सरकारको लागि समयछोटो भयो कि जस्तो मलाइ लाग्यो यक बर्ष आर्थिक बर्ष सम्म कार्यक्रम बनाउने अर्को बर्ष लागु गर्ने तेस्रो बर्ष कार्यान्वयन गर्ने चौथो बर्ष त्यलाइ समाप्त गर्ने पाचौ बर्ष त्यसलाइ फछ्र्यौट गर्ने किसिमको कुरा पनी आयो त्यसो भएको हुनाले यसो गर्नुपर्छ कि या त तुरुन्त कार्यान्वयन गरे तुरुन्तै प्रतिफल आउने किसिमको कार्यक्रम बनाउनुपर्यो नत्र यहा नीति कार्यक्रम बनायो मंसिर देखि चालु गर्छौं भन्यो अर्को मंसिर आउने बेला भैसक्यो मंसिर त साले पिच्छे आउछ त्यसो भएको हुनाले त्यसो नभइकन समयमा अख्तियारी जावस त मैले समयमा कार्यान्वयन होस समयमा कर्मचारी भर्ना होस यहा यउटा कुरा शिक्षा शाखाबाट यउटा कार्यक्रम सञ्चालनको लागि यउटा गको छ शिक्षा शाखामा त्यहा शिक्षा शाखामा अख्तियारी गैसकेपछि त्यहा कर्मचारी छैन उपभोक्ता समिति भयो सम्झौता भयो योजना कार्यान्वयन गर्दा खेरी कर्मचारी छैन प्राबिधिक छैन कोले स्टमेट गर्ने त्यहा त्यस्तो अप्ठेरो छ त्यसो भएको हुनाले समयमा यउटा

अख्तियारी पनी समयमा हुने मन्त्रि जि सँग के के भयो भन्नुहुन्च कि फलानो मन्त्रालयबाट हाम्रो अख्तियारी आयको छैन के गर्ने भनेर भन्नु हुन्छ त्यसो भएको हुनाले नीति कार्यक्रमका राम्रो बनाउने त्यसपछि समयमा कार्यान्वयन गर्न  चाहि अप्ठेयारो हुने अनी फेरी समयमा ल्यायर त्यहिनीति कार्यक्रम प्रस्तुत  गर्ने यो नीति कार्यक्रम प्रस्तुत गरेर सालै पिच्चे बजेट पनी त्यहि योजनाका लागि माग गर्नु हनी कति माग गर्ने ५ बर्ष सम्म त्यहि माग गर्ने हो भने  देखि ५ बर्ष सवै कार्यक्रम बनाउने त्यसो भएको हुनाले किन लम्बाइ राख्नु पर्यो त्यसोभएको हुनाले बजेटको पनी समयमा कार्यान्वयन बजेट बिनीयोजन समयमा होस समयमा कार्यान्वयन होस समयमै यसको प्रतिफल प्राप्त हुने खालको सञ्चालन हो स र नीतिमा केरे प्रदेश गौरवका योजनाहरुको पनी यश नीतितथा कार्यक्रममा समावेश गरीयको छ तर अगि हाम्रो  यकजना माननीय ज्युले भनीसक्नु भएको छ हाम्रो सुदुरपश्चिम प्रदेशको राजधानी गोदावरी कार्यबिधान भैसक्यो र यो चाहि सदनबाट गोदावरीको बिषयमा प्रदेश गौरवको योजना पनी त्यो पनी राख्नुपर्छ भनेर धेरै जसो माननीयज्यु हरुले भनी सक्नु भएको छ र त्यो बिषयमा  अहिले सम्म त्यो गोदावरी राजधानी बनाउने कुनै  किसिमको यो यसमा उल्लेख देखियो भएको मैले  पायन त्यसैले मैले त्यलाइ कसरी के गर्न सकिन्छ आगामि दिनहरुमा त्यसको यकदमै कसरी जानुपर्छ भन्ने कुरालाइ नीर्देशन गर्दै र महामारी यो बिश्व भरी महामारीको रुपमा  फैलीयको कोरोनाभाइरस बाट हामी पनी गर्छौं  आफु पनी बाचौ अरुलाइ पनी बचाऔ र आउने दिनहरुमा त्यसलाइ कसरी व्यवस्थित गर्ने  भन्ने कुरालाइ हामी सबैले मनन गरौ र यो प्रदेश सरकारले  पनी त्यसका बिरुद्धमा लड्न सक्ने र त्यसलाइ  रोकथाम गर्न सक्ने कार्यक्रम हरु यकदम तिब्ररुपले अगाडि बढावस भन्ने भनाइ राख्दै आफ्ना भनाइ यहि राख्न चाहान्छु

१२. **माननीय सदस्यहरु,**

आ.व.२०७७।०७८ को पूर्व बजेट छलफलका लागि तयारी दस्तावेज माथि छलफल गर्न निर्धारण गरिएको आजको समय यही समाप्त हुन्छ ।

१३. **माननीय सदस्यहरू,**

अर्को बैठक २०७७ साल जेष्ठ १८ गते आईतवार विहान ८.०० बजे देखि हुने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।